# कक्षा आठ को नेपाली पाठ्यपुस्तक (२०७२) मा समाविष्ट अभ्यासको अध्ययन


शोधकर्ता

कोमल कुमारी घिमिरे

क्याम्पस रोल नं. : १५/२०७३

परीक्षा क्रमाङ्क : २१४००७६/२०७४

त्रि.वि. दर्ता नं. : ९-२-०६२७-००२८-२०१२

शैक्षिक वर्ष : २०७२/०७३


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षाअन्तर्गत

स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. (५९८)

पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

शोधपत्र


सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषाशिक्षण विभाग

सुन्दरहरैँचा, मोरङ


२०७५

कक्षा आठ को नेपाली पाठ्यपुस्तक (२०७२) मा समाविष्टअभ्यासको अध्ययनअभ्यासको अध्ययनकोमल कुमारी घिमिरे२०७५

# प्रतिबद्धता

त्रिभुवनविश्वविद्यालय,शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपालीभाषाशिक्षाविभाग स्नातकोत्तर तहद्वितीयवर्षको नेपा.शि. ५९८ को प्रयोजनकालागि प्रस्तुत'कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा समाविष्ट अभ्यासको अध्ययन'शीर्षकको शोधपत्रप्रतिवेदनअर्को प्रयोजनकालागिकहीँकतै पेसनगरेको र अनुसन्धानकार्य अत्यन्तमौलिक रहेको प्रतिबद्धता व्यक्तगर्दछु ।

.................................

कोमलकुमारी घिमिरे

एम.एड. दोस्रो वर्ष

नेपाली भाषाशिक्षण विभाग

मिति : २०७५/५/२१

# शोधनिर्देशकको सिफारिस पत्र

त्रिभुवनविश्वविद्यालय,शिक्षाशास्त्र सङ्कायअन्तर्गत भाषाशिक्षाविभाग स्नातकोत्तर तहद्वितीयवर्षको नेपा.शि. ५९८ को प्रयोजनकालागि प्रस्तुत'कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा समाविष्ट अभ्यासको अध्ययन'शीर्षकको शोधपत्रकोमलकुमारी घिमिरेले मेरो निर्देशनको मातहतमा रहीमिहेनतका साथसिर्जनात्मकतथानितान्तमौलिक रूपमातयार पार्नुभएकाले यस शोधकार्यप्रति म सन्तुष्ट छु । अतः यस शोधकार्यलाईमूल्याङ्कनकालागि नेपालीभाषा शिक्षण विभागसमक्षसिफारिस गर्दछु ।

.................................

दीपकगौतम

शोधनिर्देशक

सुकुनाबहुमुखीक्याम्पस

नेपालीशिक्षाशिक्षण विभाग

सुन्दरहरैंचा-१२, मोरङ

मिति : २०७५/०६/०२

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह एम.एड. द्वितीय वर्षको (नेपा.शि. ५९८) को प्रयोजनका लागि श्रेद्धय गुरु दीपक गौतमको कुशल निर्देशनमा तयार पारिएको छ। शोधपत्र तयार पार्ने क्रममा उपयुक्त सल्लाह सुझाव दिएर सहयोग गर्नु हुने शोधनिर्देशक उपप्राध्यापक दीपक गौतमप्रति सहृदय कृतज्ञताज्ञापन गर्दछु।

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन शीर्षकमा शोधपत्र लेखनको प्रारम्भदेखि आफ्नो व्यस्तताका बाबजुद यस स्वरूपमा ल्याउन सल्लाह, सुझाव दिनुहुने नेपाली विभागीय प्रमुख उपप्राध्यापक मेघनारायण श्रेष्ठ लगायत यस विभागका सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। विभागका सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। शोधपत्र तयार गर्न चाहिने आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराउने सुकुना क्याम्पस पुस्तकालय परिवारलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

यसैगरी मेरो पढाइका लागि कडा परिश्रम गरी मलाई निरन्तर पढाइमा लगाउनु हुने आमा टंक कुमारी आचार्य घिमिरे र बुबा टंकप्रसाद घिमिरे साथै मेरा प्यारा बहिनीहरू र साथीहरूलाई धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा यस शोधपत्रलाई कम्प्युट टाइप गरी विशेष सहयोग पुऱ्याउने टिना कम्प्युटर सेन्टरका प्रो. यज्ञमणि निरौलालाई पनि धन्यवाद दिन चाहन्छु।

कोमल कुमारी घिमिरे

# शोधसार

शोधशीर्षक : कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययन

शोध निर्देशक : दीपक गौतम

शोधार्थी : कोमलकुमारी घिमिरे

क्याम्पस : सुकुना बहुमुखी क्याम्पस

पृष्ठ सङ्ख्या : ११ + ६१ + २ = ७४

शैक्षिक वर्ष : २०७२/०७३

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययन शीर्षकमा यो शोधकार्य गरिएको छ । यो शोधपत्र नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि.५९८ पाठ्यांश पुरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको हो । यसमा निम्नलिखित शोध समस्यालाई उठाई तिनीहरूको समाधान गर्ने उद्देश्य राखिएको छ :

क) कक्षा आठका पाठ्यपुस्तकमा के कस्ता अभ्यासहरू राखिएका छन् ?

ख) पाठ्यक्रम अनुरूपताका आधारमा अभ्यासहरू उपयुक्त छन् ?

ग) ती अभ्यासहरू कुन कुन भाषिक सिपसँग सम्बन्धित छन् ?

घ) भाषिक सिप विकासका दृष्टिले अभ्यासहरू उपयुक्त छन् ?

ङ) उपयुक्त अभ्यास प्रस्तुतिका लागि के कस्ता उपायहरू सुझाउन सकिन्छ ?

नेपाली भाषा पाठ्यपुस्तक (२०७२) मा समावेश  अभ्यासहरूलाई सिपगत र तहगत आधारमा वर्गीकरण विश्लेषण गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्यहरू कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा समाविष्ट अभ्यासका स्वरूप निरुपण गरी वर्गीकरण गर्नु, सिपगत आधारमा अभ्यासको विश्लेषण गर्नु, अभ्यासमा देखिएका कमिकमजोरीहरू पत्ता लगाई सुधारका लागि सुझावहरू दिनु रहेका छन् ।

यस शोधपत्रको पहिलो परिच्छेदमा शोध परिचय, दोस्रो परिच्छेदमा सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा, तेस्रो परिच्छेदमा अध्ययनको विधि र प्रक्रियालाई समावेश गरिएको छ । चौथो परिच्छेदमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको व्याख्या तथा विश्लेषण गरिएको छ । यसमा भाषिक सिप विकासका दृष्टिले अभ्यासको समावेश गरिएका विधा अन्तर्गतका पाठ र तिनमा समावेश गरिएका अभ्यासलाई भाषिक सिपका आधारमा र तहगत आधारमा वर्गीकरण, विश्लेषण गरी प्राप्त तथ्याङ्कलाई तालिकीकरण र प्रतिशताङ्क समेत प्रस्तुत गरिएको छ । पुस्तकालयीय विधिको माध्यमबाट अभ्यासहरूको व्याख्या, विश्लेषण तथा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययन गर्दा पाठ्यक्रम २०६९ अनुरूप तयार गरिएको पाठ्यपुस्तकमा भाषाका चार ओटै सिपको विकास गर्न छुट्टाछुट्टै रूपमा प्रस्तुत गरी अभ्यासहरू राखिएको छ । अभ्यासहरू सरलदेखि जटिलताको क्रममा राखिएको छ । लिखित रूपमा स्वतन्त्र, मौलिक सिर्जनात्मक अभ्यासहरूका साथै परियोजना कार्यलाई पनि राखिएको छ । अभ्यासले विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गराउन सहयोग पुऱ्याएको छ । अभ्यासमा व्याकरणबद्ध अभ्यासहरूलाई समावेश गरी लेखाइ सिपलाई विकास गराउन सफल रहेको छ । पाठको प्रकृति अनुरूप अभ्यासहरू राखिएको पाइदैन । सिर्जनात्मक अभ्यासको अभाव रहेको पाइन्छ ।

यस प्रतिवेदनमा पाठको प्रकृति र विषयक्षेत्रसँग सम्बन्धित अभ्यासहरू राख्नुपर्ने देखिन्छ । सिर्जनात्मक सिप विकासका पक्षलाई बढी महत्त्व दिनुपर्ने देखिन्छ । सबै स्तरका विद्यार्थीहरूको बौद्धिक स्तरमा ख्याल गरी अभ्यासहरू समावेश गर्नु आवश्यक देखिन्छ । भाषिक सिपको विकासका लागि भाषाका चार ओटै सिपलाई बराबर रूपमा समावेश गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरूलाई स्वतन्त्र, मौलिक तथा खोजी गर्ने बानीको विकास हुने क्रियाकलाप तथा सिर्जनात्मक कार्यहरूमा उत्प्रेरित गर्नुपर्ने देखिन्छ ।

# विषयसूची


| क्र.सं. शीर्षक | पृष्ठ सं. |
| --- | --- |
| *प्रतिबद्धता पत्र* | ख |
| *सिफारिस पत्र* | ग |
| *स्वीकृति पत्र* | घ |
| *शोधसार* | ङ |
| *कृतज्ञता* | छ |
| परिच्छेद : एक<br>परिचय | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्यहरू | ४ |
| १.४ अध्ययनको महत्त्व | ४ |
| १.५ अध्ययनको परिसीमा | ५ |
| परिच्छेद : दुई<br>सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा | |
| २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन | ६ |
| २.२ सम्बन्धित साहित्यको पुनरवलोकन | ७ |
| २.३ पुनरावलोकनको उपादेयता | १० |
| २.४ सैद्धान्तिक /अवधारणात्मक ढाँचा | ११ |
| परिच्छेद : तीन<br>अध्ययनको विधि र प्रक्रिया | |
| ३.१ अध्ययनको ढाँचा र विधि | १३ |
| ३.२ अध्ययनको क्षेत्र | १३ |
| ३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका | १३ |
| ३.४ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया | १४ |

## परिच्छेद : चार

## नतिजाको व्याख्या एवम् विश्लेषण

४.१ कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको परिचय १५

४.२ नमुना अभ्यासको परिचय १८

४.३ भाषिक सिप विकासका दृष्टिले नमुना अभ्यासको अध्ययन २१

४.३.१ सिपगत आधारमा उद्देश्यहरूको वर्गीकरण २३

४.४ विधागत आधारमा नमुना अभ्यासको अध्ययन २५

४.४.१ कथाविधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण २६

४.४.२ कविता विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको विश्लेषण २९

४.४.३ प्रबन्ध विधाअन्तर्गतका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण ३३

४.४.४ जीवनी विधाअन्तर्गतका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण ३६

४.४.५ रूपक विधाअन्तर्गतका पाठ र तिनमा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण ४०

४.४.६ चिठी विधामा समाविष्ट नमुना अभ्यासको वर्गीकरण र विश्लेषण ४४

४.५ सिर्जनात्मक अभ्यासको अध्ययन वर्गीकरण र विश्लेषण ४७

४.६ व्याकरण सम्बन्धी अभ्यासको अध्ययन वर्गीकरण र विश्लेषण ५०

४.७ प्राप्ति तथा सारांश ५४

४.७.१ प्राप्ति ५४

४.७.२ सारांश ५५

## परिच्छेद : पाँच

## निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ५७

५.१.१ सबल पक्ष ५८

५.१.२ दुर्वल पक्षहरू ५९

५.२ सुझावहरू ५९

५.२.१ नीतिगत तहका लागि सुझाव ६०
५.२.२ अभ्यास तहका लागि सुझाव ६०
५.२.३ अनुसन्धान तहका लागि सुझाव ६१
सन्दर्भसूची

# तालिका सूची


| | |
|---|---|
| तालिका नं.१:विधाको क्षेत्र र क्रम तालिका | १६ |
| तालिका नं. २:पढाइ तथा लेखाइ सिपको ार्न छुट्याइएको अंकभार | २१ |
| तालिका नं. ३ :सिपगत आधारमा उद्देश्यहरूको वर्गीकरण | २३ |
| तालिका नं. ४: सिपगत आधारमा कथा विधाको वर्गीकरण | २७ |
| तालिका नं. ५:तहगत आधारमा कथा विधाका अभ्यासको वर्गीकरण | २८ |
| तालिका नं. ६ :सिपगत आधारमा कविता विधाका अभ्यासको वर्गीकरण | ३० |
| तालिका नं. ७ : तहगत आधारमा कविता विधामा अभ्यासको वर्गीकरण | ३२ |
| तालिका नं. ८ :सिपगत आधारमा प्रबन्ध विधाको अभ्यासको वर्गीकरण | ३३ |
| तालिका नं. ९ : तहगत आधारमा प्रबन्ध विधाका अभ्यासको वर्गीकरण | ४५ |
| तालिका नं. १० :सिपगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण | १० |
| तालिका नं.११: तहगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण | ११ |
| तालिका नं. १२ :सिपगत आधारमा रूपक विधाका अभ्यासको वर्गीकरण | १२ |
| तालिका नं. १३: तहगत आधारमा रूपक विधामा समाविष्ट अभ्यासको वर्गीकरण | ४३ |
| तालिका नं. १४ :चिठी विधाका पाठमा समाविष्ट अभ्यासको सिपगत वर्गीकरण | ४४ |
| तालिका नं. १५ : चिठी विधाका पाठमा समाविष्ट अभ्यासको तहगत वर्गीकरण | ४६ |
| तालिका नं. १६ : सिर्जनात्मक अभ्यासको सिपगत आधारमा वर्गीकरण | ४८ |
| तालिका नं. १७ :व्याकरण अभ्यासको वर्गीकरण | ५० |

# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा शिक्षणका सापेक्षतामा भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकका बारेमा अन्य मुलुकमा धेरै अगाडिदेखि नै अध्ययन अनुसन्धान गर्न थालिएको भएता पनि नेपालमा निकै पछाडि मात्र भएको देखिन्छ । शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा अभ्यासलाई लिइन्छ । भाषा शिक्षणमा अभ्यासलाई केन्द्रबिन्दु बनाएर त्यसै अनुरूपको शिक्षण कार्यक्रम सञ्चालन गरिनुपर्दछ । भाषा विचार आदानप्रदानको सशक्त माध्यम हो । भाषा सिपमूलक विषय भएको हुनाले प्रशस्त अभ्यासबाट मात्र भाषिक सक्षमता हासिल गर्न सकिन्छ । भाषाका आधारभूत सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बद्ध कार्यकलापमा भाषा पाठ्यक्रममा आधारित हुन्छ । यसले अभ्यास तथा पुनरावृत्तिलाई उत्तिकै महत्त्व दिन्छ (ढुङ्गेल र दाहाल, २०६९ : ८१) ।

भाषा पाठ्यपुस्तकमा समावेश भएका अभ्यासहरूलाई नै  अभ्यासका रूपमा लिनु पर्दछ । भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठको अध्ययन पश्चात शब्दार्थ, विभिन्न प्रश्नहरू, व्याकरणका प्रश्नहरू अभ्यासका रूपमा राखिएका हुन्छन् ।  अभ्यासको विकासलाई केलाउँदा सर्वप्रथम भाषा पाठ्यपुस्तकको विकास भएको पाइन्छ र त्यस पश्चात मात्र अभ्यासको विकास भएको पाइन्छ । पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुका आधारमा पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यपुस्तकमा प्रयुक्त भएका पाठहरूको आधारमा  अभ्यास तयार गरिन्छ ।

पाठ्यपुस्तकमा विधागत वर्गीकरण, भाषा, अभ्यास आदिको सन्तुलित संयोजन भएन भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरूको प्राप्ति सम्भव हुँदैन । अझ भाषा प्रयोग र अभ्यासबाटै निस्कने र परिस्कृत हुने हुँदा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको उपयोग, वाक्यगठन, भाषिक सिप र शैली विकासका लागि अभ्यासले महत्त्वपूर्ण भूमिका खेल्दछ । भाषा पाठ्यपुस्तकको विशिष्टता त्यसमा प्रयुक्त अभ्यासहरूको स्तरबाट पहिचान गर्न सकिन्छ । अभ्यास कक्षाको वातावरण, स्तरसम्बन्धी मूल पाठसँग मिल्दो हुनाका साथै विद्यार्थीहरूमा भाषाका विविध सिप र शैलीको विकास गर्न सक्ने खालका हुनुपर्दछ ।

साँच्चै भन्ने हो भने, भाषा पाठ्यपुस्तकमा मूल पाठभन्दा अभ्यासात्मक कार्यकलापहरूको आकार ठूलो र बढी हुन्छ । यस्तो हुन स्वाभाविक पनि हो किनकि भाषा सिकाउनु भनेको यसका ग्रहण (सुनाइ, पढाइ) र अभिव्यक्ति (बोलाइ, लेखाइ) सिप सिक्नु सिकाउनु हो र त्यस्तो सिप अभ्यासबाटै परिमार्जित हुन्छ (पौडेल, २०६९ : २७२) । पाठ्यपुस्तकमा पाठहरू भाषिक सिप प्राप्त गर्ने आधार सामग्री हुन् भने अभ्यासहरू ती सिपहरू तथा सिकाइको सबलीकरण गर्ने माध्यम हुन् ।

विधागत पाठअनुसार  अभ्यासको निर्धारण गरिने हुँदा तिनको निरन्तर अध्ययन र खोजी हुने साथै तिनमा भएका कमजोरी पहिल्याउन सकिने हुँदा पाठ्यपुस्तकमा  अभ्यासको महत्त्वपूर्ण स्थान रहन्छ । अन्य पाठ्यपुस्तकमा अभ्यास विषयवस्तुमा आधारित हुन्छन् भने भाषा पाठ्यपुस्तकमा अभ्यासहरू भाषिक सिपमा आधारित हुन्छन् । भाषा पाठ्यपुस्तकमा अभ्यासले सिकाइलाई रोचक र प्रभावकारी रूपमा सञ्चालन गर्न तथा भाषिक सिपको विकास गर्न मद्दत पुऱ्याउँछन् । असल भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यहरू पूर्तिका निमित्त सहयोगी हुने खालका अभ्यासहरू राखिनुपर्दछ । अभ्यास कक्षाको वातावरण, स्तर र सम्बन्धित मूल पाठसँग मिल्दो हुनाका साथै विद्यार्थीहरूमा भाषाको विविध क्षेत्रसँग सम्बन्धित शैलीगत क्षमता विकास गर्नसमेत सहयोग पुऱ्याउने देखिन्छ ( ढुङ्गेल र दाहाल, २०६२ : १०८) । त्यसैले भाषा सिकाइ बीचैमा टुट्न गयो भने भाषिक सिपलाई सबल तुल्याउन सकिँदैन । सिकाइको गहिराइ र बौद्धिक स्तर वृद्धि गर्न निरन्तर रूपमा अभ्यास तथा पुनरावृत्तिको आवश्यकता पर्दछ ।

भाषा पाठ्यपुस्तक स्तरीय र प्रयोगमूलक बनाउनका लागि पुस्तकमा राखिएका अभ्यास शिक्षकले कसरी शिक्षण गर्ने, विद्यार्थीलाई के कस्ता सिकाइ क्रियाकलापहरूमा सहभागी बनाउने भन्ने कुरा पाठ्यक्रमले निर्देश गरेको हुनुपर्दछ । तसर्थ भाषा पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपको  अभ्यास महत्त्वपूर्ण हुने देखिन्छ । पाठ्यक्रमले निर्देश गरेअनुरूपका सिकाइ उपलब्धि हासिल गर्न साथै पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई थप परिस्कृत र परिमार्जित गर्दै लैजानका लागि कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययन शीर्षकमा शोधपत्र तयार गरिएको छ ।

## १.२ समस्याको कथन

भाषा विचार आदान प्रदानको सशक्त माध्यम हो । भाषा सिपमूलक विषय भएको हुनाले प्रशस्त अभ्यास मात्र भाषिक सक्षमता हासिल गर्न सकिन्छ । भाषिक सिपहरू अभ्यासका माध्यमले परिष्कृत हुँदै जाने भएकाले भाषालाई एउटा कलाका रूपमा लिने गरिएको पाइन्छ । भाषिक सिपको शिक्षणमा उच्चारण, बोध, व्याकरण, शब्दभण्डार जस्ता भाषिक पक्षको शिक्षणका लागि विषयवस्तु नै भरपर्दो माध्यम मान्न सकिन्छ । "भाषा शिक्षणको दक्षता हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ" (पौडेल, २०६९ : २२७) । पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नका लागि विषयवस्तु समावेश गरी तयार गरिएको पाठ्यसामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । भाषा पाठ्यपुस्तकमा समावेश अभ्यासको विभिन्न आधारमा अध्ययन गरी भविष्यमा पाठ्यपुस्तक निर्माणसम्बन्धी कार्य पुस्तक निर्मातालाई आवश्यक पृष्ठपोषण दिनु पाठ्यपुस्तकलाई प्रभावकारी बनाउनु आजको आवश्यकता रहेकाले प्रस्तुत अध्ययन गरिनेछ ।

पाठ्यक्रमले निर्धारण गरेको कुन कुन उद्देश्यहरू पुरा गर्न के कस्ता सिपमूलक अभ्यासको व्यवस्था गरिएको, अभ्यासमा कुन तहका अभ्यासलाई कुन कुन विधामा प्राथमिकता दिएको छ, ती अभ्यासले पाठ्यक्रमको उद्देश्य पुरा गर्न कतिको प्रभावकारी भूमिका निर्वाह गर्न सक्छन् भन्ने कुरा ठम्याउनु नै यस अध्ययनको मुख्य समस्या रहेको देखिन्छ ।

वि.स. २०६९ सालमा कक्षा आठको नेपाली पाठ्यपुस्तक परिमार्जन गरिएकाले भाषा पाठ्यपुस्तकमा समाविष्ट  अभ्यास सम्बन्धी अध्ययन र अनुसन्धानबाट पाठ्यक्रम र पाठ्यपुस्तकको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने भएकोले गहन अध्ययन अनुसन्धान हुनु जरुरी छ ।

प्रस्तुत 'कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट  अभ्यासको अध्ययन' शीर्षकमा भाषा पाठ्यक्रमका सापेक्षतामा भाषा पाठ्यपुस्तकको अध्ययन गरिनु र पाठ्यक्रम अनुरूप  अभ्यासको तर्जुमा भएको छ वा छैन भनी निक्यौंल गर्नु महत्त्वपूर्ण कुरा भएकाले यस शोधकार्यका समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

क) कक्षा आठका पाठ्यपुस्तकमा के कस्ता  अभ्यासहरू राखिएका छन् ?

ख) पाठ्यक्रम अनुरूपताका आधारमा  अभ्यासहरू उपयुक्त छन् ?

ग) ती  अभ्यासहरू कुन कुन भाषिक सिपसँग सम्बन्धित छन् ?

घ) भाषिक सिप विकासका दृष्टिले  अभ्यासहरू उपयुक्त छन् ?

ङ) उपयुक्त  अभ्यास प्रस्तुतिका लागि के कस्ता उपायहरू सुझाउन सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्यहरू

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क) कक्षा आठका पाठ्यपुस्तकमा समाविष्ट  अभ्यासका स्वरूप निरूपण गरी वर्गीकरण गर्नु,

ख) पाठ्यक्रम अनुरूपताका आधारमा  अभ्यासहरूको उपयुक्तताको खोजी गर्नु,

ग) भाषिक सिपगत आधारमा  अभ्यासको विश्लेषण गर्नु,

घ) अभ्यासमा देखिएका कमिकमजोरीहरू पत्ता लगाई सुधारका लागि सुझावहरू दिनु ।

## १.४ अध्ययनको महत्त्व

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यलाई समाविष्ट गरी विद्यार्थी समक्ष पुऱ्याउनका लागि यस्ता अध्ययन अनुसन्धानबाट मद्दत मिल्छ । शिक्षक तथा विद्यार्थीले के कस्ता भाषिक सिपका लागि कस्ता  अभ्यासलाई महत्त्व दिने भन्ने कुराको ज्ञान प्राप्त गर्न सकिन्छ । पाठ्यपुस्तकमा समाविष्ट  अभ्यासको प्रस्तुतिमा देखिएका कमजोरीहरू सुधार गर्न सहयोग मिल्ने देखिन्छ यसका साथै यसबाट शिक्षक तथा विद्यार्थीहरूको अन्तरक्रिया बढाउन सहयोग पुग्छ । भविष्यमा संशोधन गरिने पाठ्यपुस्तकलाई स्तरीय बनाउनका लागि यस्ता अध्ययन महत्त्वपूर्ण हुने देखिन्छ । साथै भावी अनुसन्धानको लागि पनि यो शोधकार्य मार्ग निर्देशक हुने अपेक्षा गर्न सकिन्छ । त्यसैले यो शोधकार्य महत्त्वपूर्ण रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

यस शोधकार्यलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) नेपाली किताब कक्षा आठमा प्रयुक्त  अभ्यासहरूको भाषिक सिप विकासका दृष्टिले अध्ययन गरिएको छ ।

ख) पाठ्यपुस्तकमा समाविष्ट अभ्यासलाई भाषिक सिप र तहगत आधारमा अध्ययन वर्गीकरण र विश्लेषण गरिएको छ ।

ग) कक्षा आठको नेपाली २०७२ मा प्रयुक्त  अभ्यासहरूको मात्र अध्ययन गरिएको छ ।

घ) ती अभ्यासहरूको अध्ययन पाठ्यक्रम अनुरूपताका आधारमा मात्र गरिएको छ ।

ङ) सम्बन्धित कक्षाका विद्यार्थीहरूको भाषिक सिप विकासका आधारमा मात्र अध्ययन विश्लेषण गरिएको छ ।

च) यी बाहेकका कुराहरू प्रस्तुत शोधकार्यका सीमाका रूपमा रहेका छन् ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

सिकाइमा अभ्यासले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विगतका कुराहरू स्मरण गर्न सिकेका कुरालाई स्थायी बनाउन, त्यसमा गुणात्मकता थप्न अभ्यासले मद्दत गरेको हुन्छ । विशेषतः अभ्यास कुनै सिपको विकासमा महत्त्वपूर्ण हुने दाबी व्यवहारवादी सिकाइ सिद्धान्तकारहरू गर्दछन् । अभ्यास तथा पुनरावृत्ति एवम् प्रयत्न र भूलका सिद्धान्तले नै भाषा सिकाइ प्रभावकारी हुन्छ (भट्टराई, २०६९ : २३९) । भाषा पाठ्यक्रममा नमुना अभ्यासहरू भाषिक सिप सन्तुलन, मौखिक लिखित र प्रयोगात्मक सबै प्रकारका अभ्यासहरूको सन्तुलन, निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारका मूल्याङ्कनमा उपयोगी हुने खालका अभ्यास दिइएको र पाठको प्रयोजन र प्रकृति ख्याल गरी अभ्यासहरूको निर्माण गरिएको हुन्छ (पौडेल, २०६९ : २९५) ।

भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमका भाषिक उद्देश्य पुरा गर्ने गरी अभ्यासहरू राखिएको हुन्छ । अभ्यासहरूलाई सरलदेखि जटिलताको क्रममा राखिएको हुन्छ । अभ्यासको स्तर पनि कक्षा, विद्यार्थी, क्षमता, रुचि र सिकाइ प्रवृत्ति अनुरूप राखिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै सिपको सन्तुलित अभ्यासको व्यावस्था गरी राखिन्छ । पाठको प्रकृति र प्रस्तुति ढाँचासँग मेलखाने गरी क्रमश : मौखिक, लिखित र प्रयोगात्मक अभ्यासको व्यवस्थासँगै सम्बन्धित पाठबाट उपयुक्त व्याकरणात्मक अभ्यासहरू राखिएको हुन्छ ( पौडेल, २०६९ : २७३) ।

मनोवादीहरू भाषा सिक्ने मान्छेको जन्मजात गुण हो तर यसमा वैयक्तिक भिन्नता हुन्छ भन्दछन् । उमेरको वृद्धि जसरी सहज रूपमा हुन्छ, त्यसरी नै भाषा सिकाइ पनि सहज रूपमा हुन्छ भन्ने कुरामा मनोवादी सिद्धान्त विश्वास गर्दछ (भण्डारी र पौडेल, २०७० : ४०) ।

यस सन्दर्भमा पाठ्यपुस्तकमा नमुना अभ्यासहरू समावेश गर्दा विद्यार्थीको उमेर, रुचि, क्षमतालाई ध्यान दिएर छनोट गरिनुपर्ने देखिन्छ । कुराकानी, प्रश्नोत्तर, संवाद, कथा,

कविता, चिठी, सारांश, समीक्षा, संक्षेपीकरण, विस्तृतीकरण, सृजना, प्रतिवेदन, दैनिकी, विज्ञापन, टिप्पणी, निवेदन, व्याख्यान कार्यकलापद्वारा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्न सकिन्छ । सिप तथा कला जति अभ्यास गर्‍यो त्यति संवृद्ध र परिस्कृत हुँदै जाने भएकाले भाषिक सिप वा कलाको विकासमा अभ्यासको सर्वाधिक महत्त्व हुन्छ (शर्मा र पौडेल, २०७२: ९३) ।

भाषा अभ्यासबाट सिकिन्छ अर्थात् भाषिक सिप आर्जनको निमित्त अभ्यासहरू राखिएको हुन्छ । पाठको प्रकृति अनुरूप व्याकरणात्मक अभ्यासहरू समावेश गर्न, माथिल्ला कक्षाहरूका अभ्यासहरूमा सम्बन्धित पाठबाट मूल संदेश, पात्रगत चित्रण जस्ता गहन प्रकृतिका प्रश्नहरूका साथै व्याकरणका क्षेत्रमा पनि सैद्धान्तिक प्रश्नहरू सोधिने भएकाले पाठ्यपुस्तकमा अभ्यासहरू राखिएको हुन्छ (ढुङ्गेल र दाहाल २०६९ : १२७) ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

आचार्य (२०५८) द्वारा 'नि.मा.वि.तह (कक्षा ८) मा प्रयुक्त व्याकरण अभ्यास खण्डको विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । सो शोधकार्यको उद्देश्य कक्षा ८ को वर्तमान नेपाली पाठ्यपुस्तकमा दिएका व्याकरण अभ्यासको सवल र दुर्वल पक्षको पहिचान गर्नु साथै व्याकरणिक अभ्यासको वर्गीकरण गर्नु रहेको छ । यस शोधमा तथ्याङ्क संकलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । उक्त शोध कार्यमा व्याकरण र अभ्यास खण्डका प्रश्नहरूको निर्माणमा सन्तुलन नभएको, प्रश्नको सङ्ख्यात्मक अनुपात नमिलेको, अभ्यासमा प्रयोगात्मकताको कमी र छपाइगत त्रुटि भएको निष्कर्ष निकालिएको छ ।

अर्याल (२०५९) द्वारा 'कक्षा ९ को नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन' शीर्षकको शोधकार्य गरिएको छ । सो शोधकार्यको उद्देश्य कक्षा नौको वर्तमान नेपाली पाठ्यपुस्तकमा दिएका नमुना अभ्यासको सबल र दुर्वल पक्षको पहिचान गर्नुका साथै नमुना अभ्यासको वर्गीकरण गर्नु रहेको छ । यस शोधमा तथ्याङ्क संकलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । वर्णनात्मक ढाँचामा गरिएको सो अध्ययनले नेपाली भाषा शिक्षणका लागि राखिएका नमुना अभ्यासहरू विद्यार्थी र शिक्षकको लागि उपयुक्त वा वैज्ञानिक रहेको, पाठ्यपुस्तकमा सिप पक्षलाई बढी महत्त्व दिएको भएता पनि बोधात्मक अभ्यासहरू सन्तुलित नरहेको निष्कर्ष निकालिएको छ ।

काफ्ले (२०६९) द्वारा 'कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । सो शोधकार्यको उद्देश्य कक्षा पाँचको नेपाली किताबमा समावेश भएका नमुना अभ्यासलाई पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण गर्नु रहेको छ । यस शोधमा तथ्याङ्क संकलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत पाठ्यपुस्तकमा सुनाइ सिपमा जोड दिने र बोलाइ सिप विकासमा सहयोग पुग्ने नमुना अभ्यासहरू समावेश गर्नुपर्ने निष्कर्ष निकालिएको देखिन्छ ।

सडौला (२०६०) द्वारा 'कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास एक विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । सो शोधकार्यको उद्देश्य कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूको स्वरूप निर्धारण गरी तिनीहरूको वर्गीकरण गर्न तथा पाठ्यक्रम अनुरूपता र भाषिक सिप विकासका दृष्टिले ती अभ्यासहरूको उपयुक्तताको अध्ययन गर्नु रहेको छ । उक्त शोधकार्य प्रश्नहरूको व्यावहारिक सन्तुलन नमिलेको, विधागत रूपमा दिएका बोधात्मक प्रश्नमा प्रयोगात्मक र सिर्जनात्मक पक्षको सन्तुलन नपाइएको निष्कर्ष निकालिएको छ ।

खतिवडा (२०६९) द्वारा 'भाषिक सिप विकासका दृष्टिले कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनको उद्देश्य पाठ्यपुस्तकमा नमुना अभ्यासका स्वरूप निरूपण गरी तिनीहरूको वर्गीकरण गर्नु तथा पाठ्यक्रम अनुरूपता र भाषिक सिप विकासका दृष्टिले ती अभ्यासहरूको उपयुक्तताको अध्ययन गर्नु रहेको छ । यो शोधकार्य पुस्तकालयीय विधिबाट तयार गरिएको छ । उक्त शोधकार्यले पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासलाई क्रियाकलापमुखी र भाषिक सिप विकासमा केन्द्रित गराउनुपर्ने निष्कर्ष निकालेको देखिन्छ ।

ढुङ्गाना (२०६७) द्वारा 'कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध कार्यको उद्देश्य हाम्रोउल्लिखित पाठ्यपुस्तकहरूमा पाठ्यक्रमको उद्देश्यअनुरूप नमुना अभ्यासमा पहिलोमा क्रमश : सुनाइ, पढाइ, बोलाइ, लेखाइलाई महत्त्व दिइएको भाषिक सिपसँग सम्बन्धित अभ्यासहरू पहिलोमा भन्दा दोस्रोमा दोब्बर बढी समावेश गरिएको हुनाले यसका आधारमा दोस्रोमा भन्दा पहिलोमा भाषिक सिप विकासतर्फ कम जोड दिइएको देखिन्छ ।

खतिवडा (२०६६) द्वारा 'कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य उल्लिखित पाठ्यपुस्तकमा दिइएको नमुना अभ्यासभित्र रहेका सबल र दुर्वल पक्षको पहिचान गर्नुका साथै वर्गीकरण गर्नु रहेको छ । यो शोधकार्य पुस्तकालयीय विधिमा आधारित रहेर तयार पारिएको छ । यस शोधकार्यले नमुना अभ्यासलाई व्यावहारिक बनाउने प्रयास गरिएको व्याकरण तथा अभ्यासलाई आगमन विधिबाट सिकाउने प्रयास भएको भएता पनि कथा, निबन्ध र जीवनी विधामा प्रयोगात्मक प्रश्नको सङ्ख्या न्यून रहेको निष्कर्ष निकालेको पाइएको छ ।

घिमिरे (२०५५) द्वारा 'निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणका नमुना अभ्यासको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषण गर्नु, सबल र दुर्वल पक्षको पहिचान गर्नु, व्याकरण सम्बन्धी अभ्यास खण्डका सुधारका लागि निष्कर्ष र सुझाव दिने उद्देश्य राखिएको छ ( घिमिरे, २०५५ : ४) तथ्याङ्क सङ्कलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको पाइन्छ (घिमिरे, २०५५ : १७) ।

यस शोध अध्ययनबाट आधारभूत सिपगत उद्देश्य परिपूर्ति गर्ने गरी व्याकरणको अभ्यास निर्माण गर्न खोजिएको, अभ्यास प्रयोगात्मक नभएको बहुवैकल्पिक प्रश्नहरू गर्न खोजिएको, अभ्यास प्रयोगात्मक नभएको बहुवैकल्पिक प्रश्नहरू समावेश नगरिएको, पाठ्यक्रमलाई अभ्यासको पछ्याउन नसकिएको निष्कर्ष निकालिएको छ (घिमिरे, २०५५ : ५४) ।

सुवेदी (२०७३) द्वारा 'कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक (२०६४) र नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन' शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । उनको यस शोधकार्यमा कक्षा नौको नेपाली भाष पाठ्यपुस्तक २०६४ मा समाविष्ट नमुना अभ्यासको विश्लेषण गर्नु, कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तक २०६४ र नेपाली भाषा पाठ्यपुस्तक २०७३ मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक विश्लेषण गर्ने उद्देश्य राखिएको छ (सुवेदी, २०७३ : ४) । तथ्याङ्क सङ्कलनका लागि पुस्तकालय विधि र तुलनात्मक विधिको प्रयोग गरिएको पाइन्छ (सुवेदी,

२०७३ : १३) । यस अध्ययनले नमुना अभ्यासमा हुने त्रुटि केलाई त्रुटि सुधार गर्नु पर्ने निष्कर्ष निकालेको छ (सुवेदी, २०७३ : ६२) ।

विभिन्न तहका नमुना अभ्याससम्बन्धी भएका फरकफरक अध्ययनले पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासका कमीकमजोरीका साथै उपयोगितालाई औंल्याएको पाइन्छ । नमुना अभ्यास सम्बन्धी गरिएका विभिन्न अध्ययनहरूले फरकफरक दृष्टिकोण तथा आधारहरूबाट अभ्यासको विश्लेषण गरेको पाइन्छ । भाषाका चारै सिपको विकास गर्नका साथै विषयवस्तुको सही ढङ्गबाट शिक्षण गर्नका लागि नमुना अभ्यासको उपयोग आवश्यक हुन्छ । विविध सन्दर्भमा यस कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन भएता पनि नयाँ परिमार्जित (२०६९) पाठ्यक्रम अनुरूपको यस पुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन शीर्षकमा अध्ययन नभएकाले यो शोधकार्य गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू पाठ्यक्रम अनुरूप छन् वा छैनन् भन्ने सन्दर्भमा सिपगत र तहगत आधारमा विश्लेषण गरिने छ । यो अध्ययन विद्यार्थी तथा शिक्षकहरूका लागि शिक्षण सिकाइ कार्यकलापमा थप सहयोगी सामग्रीको रूपमा उपयोगी हुनेछ ।

## २.३ पुनरावलोकनको उपादेयता


नमुना अभ्यासम्बन्धी गरिएका प्रस्तुत अध्ययनहरू तुलनात्मक अध्ययन पाठ्यक्रमसँगको अनुरूपात्मक अध्ययन, समग्र नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन शीर्षकमा भएका अध्ययनहरू पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा उपयोगी हुने गर्दछन् । अध्ययनबाट निकालिएका निष्कर्षहरूको आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा देखिएका कमी कमजोरी पत्ता लगाइ कमजोरी निवारण गर्न सहयोग पुऱ्याएको छ । पूर्व साहित्यहरूको पुनरवलोकनहरूले यस शोधकार्यका लागि आवश्यक तथ्य र ऐतिहासिक पृष्ठभूमि खोज्ने कार्यका लागि ठूलो सहयोग पुऱ्याएको छ । यस कार्यले यो भन्दा अघि कुन कुन विषयमा के कति आधारमा अध्ययन गरिएको छ भन्ने कुरा अवगत गराइ यस अध्ययनको क्षेत्र र आधार तयार गर्न सहयोग पुऱ्याएको छ । यसका साथै पूर्व साहित्यको पुनरवलोकनले सैद्धान्तिक र व्यावहारिक पक्षहरूको खोजी गर्न महत्त्वपूर्ण सहयोग गरेको छ । यस अध्ययन नमुना अभ्यासका अध्ययनहरूमा यसको सिपगत र तहगत आधारमा नमुना अभ्यासको वितरण,

शब्दार्थ, शब्दभण्डारको वितरण आदिको अध्ययन गर्ने तरिका समेत प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

नमुना अभ्याससम्बन्धी गरिएका प्रस्तुत पूर्वकार्यहरू शिक्षकलाई शिक्षणसिकाइ कार्यकलाप तथा विद्यार्थीलाई भाषिक सिप हासिल गर्नका निम्ति उपयोगी हुने देखिन्छ । प्रस्तुत पूर्वकार्यहरूबाट निकालिएका निष्कर्षहरूका आधारमा नमुना अभ्यासलाई विविध दृष्टिकोणबाट अध्ययन तथा विश्लेषण गरिएको भएता पनि प्रस्तुत कक्षा आठ २०७२ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन कार्य नभएकाले यो अध्ययन पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक निर्माता र शिक्षक तथा विद्यार्थीका लागि उपयोगी सावित हुने अपेक्षा गरिएको छ ।

## २.४ सैद्धान्तिक /अवधारणात्मक ढाँचा

विद्यार्थीले कुनै पनि कुरामा ज्ञान हासिल गर्नका लागि सक्रिय हुनु आवश्यक छ । सिकाइले मानिसलाई व्यवहारमा अभ्यस्त गराउन सहयोग गर्छ । यस सन्दर्भमा पाठ्यपुस्तकमा समावेश गरिएको विभिन्न प्रकारका अभ्यासहरूले विद्यार्थीहरूमा विविध भाषिक सिपको विकास गर्नुका साथै सिकाइप्रति सक्रिय हुन मद्दत मिल्ने देखिन्छ । प्रस्तुत शोधकार्य निम्नानुसारको सैद्धान्तिक र अवधारणात्मक ढाँचा अनुरूप अघि बढाइएको छ :




माथि प्रस्तुत गरिएको चित्रात्मक ढाँचाबाट प्रस्तुत 'पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययन' शीर्षकमा गरिने अध्ययनको छोटो रूपरेखा देख्न सकिन्छ । प्रस्तुत चित्रात्मक ढाँचा अनुसार कक्षा आठको भाषा पाठ्यपुस्तकको अध्ययन गरिएको छ । पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको स्वरूप निरूपण र वर्गीकरण गरिएको छ । पाठ्यपुस्तकमा समावेश अभ्यासहरूलाई विधागत आधारमा सिपगत र तहगत आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । अभ्यासको उपयुक्तताको अध्ययन गरिएको छ र अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

# परिच्छेद : तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

प्रस्तुत शोध पुस्तकालयीय विधिमा केन्द्रित रहेको छ । विश्लेषणका लागि सम्बन्धित विषयवस्तुको गहन अध्ययन गरी सैद्धान्तिक आधारमा तयार पारिएको छ । अध्ययन र विश्लेषणको लागि पाठ्यक्रम विकास केन्द्र सानोठिमीद्वारा प्रकाशित पाठ्यक्रम र पाठ्यपुस्तकलाई आधार मानिएको छ । विश्लेषणमा अध्ययनबाट प्राप्त तथ्याङ्कलाई वर्गीकरण गरी तालिकामा देखाइएको छ । तिनै आधारमा किताबमा भएका अभ्यासलाई सिपगत र तहगत रूपमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । सिप अन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइमा विभाजन गरी तालिकामा देखाइएको छ । भाषिक सिपलाई सङ्ख्या तालिकामा देखाइएको छ । यसै गरी तहगत आधारमा विशिष्टीकरण तालिकाले प्रश्नको तहमा गरेको वर्गीकरणलाई आधार मानी ज्ञान, बोध, व्यावहारिक सिप र उच्च दक्षतालाई आधार मानि तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

प्रस्तुत अध्ययन कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक (२०७२) मा समाविष्ट अभ्यासहरूको अध्ययन गरिएको छ । विद्यालयका पाठ्यपुस्तकहरू कक्षाको स्तरअनुरूपको संयोजन कमी हुनुका साथै पाठ्यपुस्तकमा समेटिएका ती अभ्यासहरू सबै भाषिक सिपको विकास गर्न सक्षम देखिँदैनन् । यी कुराले गर्दा भाषा शिक्षकलाई पाठ्यपुस्तकमा समावेश अभ्यासका माध्यमबाट भाषाका विविध सिपको विकासका साथै स्पष्ट दिशाबोध नभएकाले सो क्षेत्रलाई समावेश गरी अध्ययन गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका

शोधपत्रलाई प्रभावकारी तरिकाले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि पुस्तकालयीय विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि प्राथमिक स्रोतका रूपमा कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक (२०७२) र आधारभूत शिक्षा

पाठ्यक्रम (२०६९) लाई लिइएको छ । त्यसैगरी गौण सामग्रीका रूपमा विभिन्न पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू, अन्य व्यक्तिहरूका सल्लाह र सुझावलाई लिइएको छ ।

## ३.४ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

व्याख्या र विश्लेषण शोधकार्यका लागि महत्त्वपूर्ण मानिन्छ । प्रस्तुत अध्ययन कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत शोधका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण र प्रतिशताङ्क प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । यसका साथै व्याख्यात्मक र वर्णनात्मक विधिको पनि प्रयोग गरिएको छ ।

# परिच्छेद : चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

## ४.१ कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकको परिचय

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनाका रूपमा लिइन्छ । समाजको आवश्यकता, सिकारुको माग, समसामयिक परिवर्तन तथा सिकाइ प्रविधिको नवीनता आदिका आधारमा विद्यालयस्तरका पाठ्यक्रम पाठ्यपुस्तकमा समय सापेक्ष परिवर्तन गर्रिंदै आएको छ । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुरूप २०७२ मा आवश्यक परिमार्जन र सुधारसहित पाठ्यपुस्तक निर्माण गरिएको छ । नेपालको अन्तरिम संविधान २०६३ ले सबै भाषाहरूलाई राष्ट्रभाषा र नेपालीलाई राष्ट्रिय भाषाको रूपमा मान्यता प्रदान गरेको छ । नेपाली भाषा सम्पर्क, सञ्चार तथा सरकारी कामकाजको भाषाको रूपमा प्रयोग भइरहेको छ । भाषा पाठ्यपुस्तक भाषा शिक्षण गर्ने शिक्षक तथा विद्यार्थी दुवैका लागि महत्त्वपूर्ण हुन्छ ।

परिमार्जित कक्षा आठको पाठ्यपुस्तकको आवरण पृष्ठ रङ्गिन र आकर्षक रहेको छ । पाठ्यपुस्तकको आवरणको कागज पातलो, पानीपत्रद्वारा सुरक्षित नगरिएको खुम्चने खालको रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा अक्षरहरूको छपाई स्पष्ट रूपमा नदेखिने र कतै अक्षरहरू छुटेको पाइन्छ । यस पाठ्यपुस्तकको बेन्डिङ्ग मजबुत र टिकाउ नभएको देखिन्छ ।

कथा विधाअन्तर्गत भाग्य, मित्रता, एउटा घटना, ठग समातियो, सिंह र स्यालको कथा र स्वाभिमान गरी जम्मा ६ ओटा कथा समावेश गरिएको पाइन्छ । कविताविधाअन्तर्गत नेपाल, सिप र श्रम, मेरो घर र आह्वान गरी चारवटा कविता समावेश गरिएको देखिन्छ । जीवनी विधाअन्तर्गत देवकुमारी थापा, भूगोलविद् हर्क गुरुङ, साहित्यकार रबीन्द्रनाथ ठाकुर र सर आइज्याक न्युटन गरी चारजना राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रेरक व्यक्तित्वको जीवनीलाई समावेश गरिएको पाइन्छ । प्रबन्ध विधाअन्तर्गत ग्रन्थचित्र, प्रकृति र वातावरण, कम्प्युटर र इन्टरनेट, र नेपाली संस्कृति चारवटा प्रबन्धहरू रहेका छन् ।

रूपक विधाअन्तर्गत विज्ञान अभिशाप नभइ वरदान (वाद विवाद) र हामी एउटै हौँ (एकाङ्की) गरी जम्मा दुईवटा पाठलाई समावेश गरेको पाइन्छ । चिठी विधाअन्तर्गत दाजुलाई चिठी र एउटा निवेदन गरी जम्मा दुईवटा चिठीलाई समावेश गरिएको छ ।

परिमार्जित नेपाली भाषा पाठ्यपुस्तकमा जति सक्दो बढी विधाका विषयवस्तु मूलतः विद्यार्थीको रुचि, स्तर सामाजिक वातावरण अनुकूल राखिएको छ । भाषा पाठ्यपुस्तकमा अभ्यास योजनाको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रत्येक पाठको अन्त्यमा पाठ सकिएपछि अनिवार्य रूपमा अभ्यासहरू समावेश गरिएको हुन्छ । यस पाठ्यपुस्तकमा पनि भाषिक सिप विकासका लागि  अभ्यासलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार ओटै सिपमा छुट्टाछुट्टै प्रस्तुत गरिएको छ । यस पाठ्यपुस्तकमा आवश्यकता हेरी सान्दर्भिक चित्रहरूको प्रयोग गरिएको छ तर चित्रहरू स्पष्ट र उपयुक्त आकारका र आकर्षक नभएको देखिन्छ ।

नेपाली भाषा पाठ्यपुस्तकको शिक्षणीय प्रयोजन भाषिक सिप विकास गराउने भए पनि यसमा समावेशी ढङ्गले विभिन्न विधा र क्षेत्रका विषयवस्तु समेटिएको छ । वि.सं. २०६९ को पाठ्यक्रम अनुरूप २०७२ को परिमार्जित कक्षा आठको नेपाली पाठ्यपुस्तकमा जम्मा २२ ओटा पाठहरू समावेश गरिएको छ । जसमा ६ ओटा कथा, चार ओटा कविता, चार ओटा जीवनी, चार ओटा प्रबन्ध, रूपक विधाअन्तर्गत वादविवाद र एकाङ्की एक एक ओटा गरी जम्मा दुई वटा र चिठी विधाअन्तर्गत एउटा घरायसी चिठी र एउटा निवेदन गरी जम्मा बाईस ओटा पाठहरू रहेका छन् । नेपाली भाषा पाठ्यक्रमले निर्धारित गरेका भाषिक सिपहरूलाई हासिल गर्नका लागि निम्न विधाको क्षेत्र र क्रम तालिका निर्धारण गरेको छ :

तालिका नं. : १

विधाको क्षेत्र र क्रम तालिका

| क.सं. | विधा | क्षेत्र | पाठशीर्षक |
|---|---|---|---|
| | | आधुनिक मनोवैज्ञानिक कथा १ | भाग्य |
| | | पौराणिक कथा १ | मित्रता |
| | | आधुनिक मनोवैज्ञानिककथा १ | एउटा घटना |
| १ | कथा | सामाजिक कथा १ | ठग समातियो |
| | | ऐतिहासिक कथा १ | स्वाभिमान |
| | | नीतिकथा १ | सिंह र स्यालको कथा |
| २ | कविता | छन्दोबद्ध कविता १ | नेपाल |
| | | गीति कविता १ | सिप र श्रम |

| | | | |
|---|---|---|---|
| | | लोक कविता १ | मेरो घर |
| | | गद्य कविता १ | आह्वान |
| ३ | प्रबन्ध | कलात्मक/कला सम्बन्धी १ | ग्रन्थचित्र |
| | | प्राकृतिक/वातावरणीय १ | प्रकृति र वातावरण |
| | | वैज्ञानिक/प्राविधिक १ | कम्प्युटर र इन्टरनेट |
| | | सामाजिक/संस्कृतिक १ | नेपाली संस्कृति |
| ४ | रूपक | वादविवाद १ | विज्ञान अभिशाप नभई वरदान |
| | | एकाङ्की १ | हामी एउटै हौं |
| ५ | जीवनी | प्रेरक व्यक्तित्त्व १ | देवकुमारी थापा |
| | | विचारक १ | भूगोलविद् हर्क गुरुङ |
| | | साहित्यकार १ | रवीन्द्रनाथ ठाकुर |
| | | आविष्कारक १ | सर आइज्याक न्युटन |
| ६ | चिठी | कार्यालयीय १ | निवेदन |
| | | घरायसी १ | दाजुलाई चिठी |

स्रोत : आ.शि. नेपाली पाठ्यक्रम, २०६९

यस पाठ्यपुस्तकमा समावेश कथाहरू विभिन्न क्षेत्रका रहेका छन् : सामाजिक, आधुनिक, पौराणिक, ऐतिहासिक र नीतिकथा । विभिन्न क्षेत्रका छन्दोबद्ध, गीति, लोक र गद्य कविताहरूलाई कविता विधाले समेटेको छ । जीवनीमा राष्ट्रिय प्रेरक व्यक्तित्त्व, विचारक, साहित्यकार र अभिष्कारक व्यक्तित्त्वलाई समावेश गरिएको छ । प्रबन्ध विधामा कलात्मक, प्राकृतिक, वैज्ञानिक, प्राविधिक, सामाजिक सांस्कृतिक क्षेत्रका प्रबन्ध रहेका छन् । रूपक विधामा वादविवाद र एकाङ्कीलाईसमावेश गरिएको छ । त्यसैगरी चिठी विधामा कार्यलयीय र घरायसी क्षेत्रका चिठी समावेश गरिएको छ । नेपाली भाषा पाठ्यक्रमले विविध क्षेत्र र भाषाभाषीलाई समेत समन्वयात्मक रूपले महत्त्व दिनु जरुरी छ । यसरी नेपाली भाषाशिक्षणका निर्धारित उद्देश्य प्राप्त गर्न भाषाका पाठ्यवस्तु छनोटका रूपमा विविधीकरण हुनु पर्दछ । भाषा पाठ्यपुस्तकमा समावेश गरिने पाठहरूमा विधागत सन्तुलन मिलाउनका साथै हरेक भाषाभाषीको पहुँच र महत्त्व रहने विषय क्षेत्रलाई समेट्नु पर्ने मान्यता अनुरूप नेपाली भाषा पाठ्यक्रमले केही हदसम्म यसलाई सम्बोधन गर्न खोजेको देखिन्छ । यस कक्षा

आठको परिमार्जित पाठ्यक्रम (२०६९) ले विद्यार्थीलाई दोहोऱ्याएर पढ्न, अभ्यास गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याएको पाइन्छ साथै पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयास गरिएको छ ।

## ४.२ अभ्यासको परिचय

भाषा अभ्यासबाट सिकिन्छ अर्थात् भाषिक सिप आर्जनका निमित्त अभ्यास महत्त्वपूर्ण हुन्छ । तसर्थ प्रत्येक पाठका अन्तिममा पाठसँग सम्बन्धित अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गरिएको हुन्छ । तल्ला कक्षाका भाषा पाठ्यपुस्तकका अभ्यास खण्डमा पहिले मौखिक र त्यसपछि मात्र लिखित अभ्यासहरू समावेश गर्नुपर्दछ । त्यसैगरी पाठको प्रकृति अनुरूप व्याकरणात्मक अभ्यासहरू समावेश गर्नुपर्दछ । माथिल्ला कक्षाहरूका अभ्यासहरूमा सम्बन्धित पाठको मूल संदेश, पात्रगत चित्रण प्रकृतिका प्रश्नहरू सोध्न सकिन्छ भने व्याकरणका क्षेत्रमा पनि सैद्धान्तिक प्रश्नहरू सोध्न सकिन्छ (ढुङ्गेल र दाहाल २०६९ : १२७) ।

सुरुसुरुका पाठ्यपुस्तकमा  अभ्यासहरूमा विविधताको कमी देखिन्छ । अभ्यासहरू सिप सन्तुलन र तिनका विविध पक्षहरूको प्रतिनिधित्वका दृष्टिले सिमित पक्षमा मात्र केन्द्रित तथा अधुरा अपुरा देखिन्छन् । सुरुसुरुका पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै सिपको सन्तुलनमा कमै ध्यान दिएको, सस्वर पठन, पठनबोध, श्रुतिबोध, उच्चारण, वर्णविन्यास, शब्दभण्डार, श्रुतिलेख, सिर्जनात्मक अभ्यास तथा प्रश्नगत विविधता र उपयुक्ततालाई कमै दिइएको पाइन्छ । पुराना निम्नमाध्यमिक तहका पाठ्यपुस्तकमा स्तरवृद्धि प्रश्न र अभ्यासहरूको बाहुल्यता देखिन्छ भने वर्तमान समयमा मात्र केहि सुधार र परिमार्जन हुन थालेको देखिन्छ । २०३८ साल पछिका पाठ्यक्रममा भाषाका उच्च (सुनाइ, बोलाइ) लाई बाह्य वा औपचारिक मूल्याङ्कनमा नराखी कक्षा कार्यकलापमा मात्र सीमित गरिएकाले अभ्यासमा पनि त्यसको प्रभाव परेको देखिन्छ । पछिल्ला संस्करणका अभ्यासहरूमा सकेसम्म विविधता र सिप सन्तुलन ल्याउने प्रयास गरिएको, मौखिक लिखित र सबै प्रकारका अभ्यासहरूको सन्तुलन मिलाइएको पाठको प्रयोजन र प्रकृति ख्याल गरी अभ्यासहरूको निर्माण गरिएको देखिन्छ । पहिलेको पाठ्यपुस्तकमा भन्दा वर्तमान पाठ्यपुस्तकहरूमा समाविष्ट  अभ्यासले विशेष परिष्कार पाएको देखिन्छ (पौडेल, २०६९ : २९५) ।

भाषा सिकाइमा अत्यन्त महत्त्वपूर्ण क्रियाकलाप अभ्यास हो । अभ्यासलाई भाषा सिकाइको मेरुदण्डको रूपमा लिइन्छ । भाषाका सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नगरी सम्भव हुँदैन । भाषा सिकाइका लागि विषयवस्तु सम्बद्ध विधाहरू मात्र शिक्षण सामग्री देखिन्छ । नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरू पाठ्यक्रमको मर्म अनुरूप नै सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सिपहरूको विकासमा केन्द्रित रहेका छन् । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा सुनाइ सिप विकासका लागि श्रुतिलेखन, श्रुतिबोध, सुनाइका आधारमा प्रश्नोत्तर, वस्तु वा घटना वर्णन आदि अभ्यास रहेका छन् । बोलाइ सिप अन्तर्गत शुद्ध उच्चारण, प्रश्नोत्तर, कुराकानी, छलफल आदि अभ्यास रहेका छन् । लेखाइ सिप अन्तर्गत प्रसङ्ग व्याख्या, विवेचनात्मक उत्तर, प्रश्नोत्तर, अनुलेखन, सारांश, बुँदा टिपोट आदि अभ्यासहरू रहेका छन् : यसरी भाषिक सिप विकासका लागि पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारओटै सिपलाई छुट्टाछुट्टै राखी अभ्यासहरू राखिएको छ ।

यसरी प्रत्येक पाठको अन्तिममा पाठसँग सम्बन्धित अभ्यासहरू समावेश गरिएको देखिन्छ । एक, दुईवटा पाठमा भने पाठको प्रकृति अनुरूप अभ्यासहरू समावेश नगरिएको देखिन्छ । विद्यार्थीको स्तर अनुरूप कठिन मानिएका शब्दलाई प्रत्येक पाठको प्रत्येक पृष्ठको अन्त्यमा प्रस्तुत गरिएको छ । यसो गर्दा विद्यार्थीलाई शब्दार्थ बोध गरी पठनपाठन गर्न सहयोग पुगेको देखिन्छ । यसरी पाठको शब्दार्थ खण्डमा पर्यायवाची, विपरीतार्थक, अनेकार्थक, श्रुतिसमभिन्नार्थक र उखानटुक्का आदिलाई समावेश गरिएको पाइन्छ । पाठमा दिइएका अभ्यास भाषिक सिपसँग सम्बन्धित अभ्याससँग, व्याकरणसँग सम्बन्धित अभ्यास, सिर्जनात्मक अभ्यास र परियोजना कार्यसँग सम्बन्धित अभ्यासलाई छुट्टाछुट्टै शीर्षकमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । व्याकरणसँग सम्बन्धित अभ्यासहरूमा धातु, काल, पक्ष, शब्दवर्ग, शब्दनिर्माण, वाक्य र यसका प्रकार वाक्य परिवर्तन कारक र विभक्ति, वाच्य परिवर्तन, वर्णविन्यास आदि राखिएको छ । यस पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासले कल्पनात्मक र सिर्जनात्मक किसिमले कुनै पनि विषयलाई लिखित रूपमा स्वतन्त्र र मौलिक रूपमा आफ्नै शैलीमा अभिव्यक्त गर्ने क्षमताको विकास गर्न सहयोग पुऱ्याएको छ । सिर्जनात्मकसँग सम्बन्धित अभ्यासहरूमा बुँदाहरू समेटेर कथा लेख्ने, जीवनी तयार पार्ने, निबन्ध लेख्ने आदि अभ्यासहरू राखिएको पाइन्छ । परियोजनासँग सम्बन्धित अभ्यासहरूमा विवरण सङ्कलन गरी जीवनी लेख्ने, सारांश लेख्ने आदि रहेका छन् । वस्तुगत प्रश्नहरूलाई पनि यसमा समावेश गरेको पाइन्छ । वस्तुगत अभ्यासहरूमा ठीक बेठिक, जोडा मिलाउने,

खाली ठाउँ गर्ने र बहुवैकल्पिक रहेका छन् । भाषिक सिप मूल्याङ्कनका लागि निम्न अनुसार प्रश्नहरूको निर्माण गरेर पढाइ तथा लेखाइ सिपको परीक्षण गरिएको छ :

तालिका नं. : २

पढाइ तथा लेखाइ सिपको परीक्षण गर्न छुट्याइएको अंकभार

| क.सं. | क्षेत्र (पढाइ र लेखाइ) | विधा | अङ्कभार (प्रतिशतमा) |
|---|---|---|---|
| १ | शब्दभण्डार | शब्दार्थ<br>शब्द पहिचान<br>शब्दहरूको वाक्यमा प्रयोग | १० |
| २ | वर्ण विन्यास | शुद्धीकरण | ४ |
| ३ | व्याकरण | पहिचान र प्रयोग (वाक्य कोटिअनुसारको रचना) | १५ |
| ४ | बोध (दृष्टांश) | विभिन्न विधाका गद्य सामग्री | ५ |
| ५ | बुँदा टिपोट र सारांश (दृष्टांश) | गद्य विधा | २+३ |
| ६ | निर्देशित रचना | कथा/जीवनी वा संवाद/वादविवाद/चिठी | ४ |
| ७ | भावविस्तार/व्याख्या | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | ४ |
| ८ | पाठगत प्रश्नोत्तर | क) कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी<br>ख) तार्किक शिल्प/समस्या समाधान | ८<br>४ |
| ९ | विवेचना | कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी | ८ |
| १० | स्वतन्त्र रचना | निबन्ध | ८ |
| जम्मा | | | ७५ |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यक्रम, २०६९

नेपाली भाषाको मूल्याङ्कन गर्ने क्रममा सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सिपको मापन गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनलाई आधार मानिन्छ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत प्रयोगात्मक कार्य वा परियोजना कार्य, सम्पर्क कक्षा सहभागिता, सिकाइ सम्बद्ध सिर्जनात्मक कार्य, कक्षा कार्य, उपलब्धि परीक्षा, सिकाई व्यवहारमा आएको परिवर्तन आदि निरन्तर मूल्याङ्कन निर्माणात्मक हुने भने कक्षोन्नतिका लागि लिइने अन्तिम परीक्षा, हाजिरीजवाफ, प्रश्नोत्तर, कक्षाकार्यको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेख जस्ता कुराहरू पर्दछन् । शिक्षण सिकाइका क्रममा प्रयोगात्मक कार्यकलाप गराउनुपर्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको मूल्याङ्कन गरिन्छ । आठमा सुनाइ र बोलाइका लागि २५ प्रतिशत प्रयोगात्मक मूल्याङ्कन र ७५ प्रतिशत पढाइ र लेखाइको मूल्याङ्कन समावेश गरिएको छ ।

## ४.३ भाषिक सिप विकासका दृष्टिले अभ्यासको अध्ययन

भाषा अभ्यास तथा पुनरावृत्तिबाट सिकिन्छ । कुनै पनि कुरालाई निरन्तरता पूर्वक दोहोऱ्याइ रहेको खण्डमा विविध ढङ्गले आवृत्ति हुने हुँदा विद्यार्थीको भाषिक सिपमा दक्षता प्राप्त हुन्छ । सिप भन्ने कुरा जति बढी अभ्यास गऱ्यो त्यति नै बढ्दै र निखारिँदै जान्छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा अभ्यासमा विद्यार्थीका लागि अभ्यास गर्ने प्रशस्त अवसरहरू दिइएको पाइन्छ । उक्त अभ्यास पाठ्यपुस्तकको उद्देश्य प्राप्तिमा सहायक सिद्ध हुने खालको देखिन्छ । शिक्षक तथा विद्यार्थी दुवैका लागि अभ्यासले थप क्रियाकलाप गर्ने मागदर्शक बन्न सहयोग पुऱ्याएको छ । अभ्यासका क्रियाकलापबाट नै पाठ्यक्रमको निर्दिष्ट उद्देश्य प्राप्ति सम्भव भएको देखिन्छ ।

यहाँ कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासलाई मुख्य दुई तरिकाले वर्गीकरण गरी सोही बमोजिम अध्ययन र विश्लेषण गर्न सकिन्छ :

क) सिपगत आधारमा

ख) तहगत आधारमा

यहाँ भाषाका चारवटा सिपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइको विकास गर्ने उद्देश्यले के कस्ता अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गरिएको छ भनि अध्ययन, वर्गीकरण र विश्लेषण गरिएको छ । भाषा सिकाइमा चारै सिपहरूलाई अत्यन्त महत्त्वपूर्ण

रूपमा लिइन्छ ।त्यसैगरी तहगत आधारमा  अभ्यासलाई मुख्य चार तहमा वर्गीकरण र विश्लेषण गरिएको छ । जस अन्तर्गत ज्ञान, बोध, व्यावहारिक सिप र उच्च दक्षतालाई समावेश गरिएको छ ती मध्ये ज्ञान तहमा विषयवस्तुको ज्ञानलाई जोड दिने खालका अभ्यासहरू राखिएका छन् । यस्ता अभ्यासमा भाषिक सिप विकास गर्ने कार्यकलाप भन्दा विषयवस्तुगत संज्ञानात्मक क्षेत्रसँग सम्बन्धित अभ्यासहरू दिइएको छ । बोध तहमा कुनै विषय पढेर, सुनेर अर्थात् ग्रहण गरेका आधारमा बुझ्ने र अरुलाई बुझाउने सिप सम्बद्ध अभ्यासहरू समावेश गरिएको छ । व्यावहारिकसिप सम्बद्ध अभ्यासहरूमा विद्यार्थीले सिकेका कुरालाई व्यवहारमा देखाउने खालका क्रियाकलापहरू राखिएका छन् । उच्च दक्षताको तहमा विद्यार्थीले संज्ञानात्मक एवम् बोध दुवै प्रकारका दक्षतालाई अभिव्यक्ति गर्ने क्रियाकलापसँग सम्बन्धित अभ्यासलाई समेटिएको छ । यस्ता क्रियाकलापमा व्याख्या गर्ने, सारांश लेख्ने, विश्लेषण गर्ने, विवेचना, सप्रसङ्ग व्याख्या गर्ने आदि अभ्यासहरू राखिएको छ ।

यसरी वर्गीकरण, विश्लेषणको प्रमुख आधार अभ्यासका लागि दिइएको निर्देशनलाई मानिएको छ । यसको आधारमा विधा र पाठभित्रका अभ्यासको अध्ययन गरी वर्गीकरण र विश्लेषण गरिएको छ । यी  अभ्यासमा प्रत्येक विधा भित्रका पाठमा समाविष्ट  अभ्यासको गणना गरी तथ्याङ्क प्रस्तुत गरिएको छ । यी  अभ्यासमा प्रत्येक विधा भित्रका पाठमा समाविष्ट  अभ्यासको गणना गरी तथ्याङ्क प्रस्तुत गरिएको छ । पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरू मध्ये केही निम्न छन् :

जस्तै :

१) नेपाल प्राकृतिक विविधताले भरिपूर्ण विश्वको सुन्दर मुलुक हो । भाव स्पष्ट गर (पृ.५६) ।

२) पाठको चिठी पालैपालो पढ (पृ.७६) ।

३) ठिक बेठिक छुट्याऊ :

क) खोज र अनुसन्धानमा कम्प्युटरको प्रयोग गरिन्छ ।

ख) कम्प्युटर र इन्टरनेट आज अभिशाप सावित भएका छन् (पृ.११२) ।

४. 'आह्वान' कविताका अन्तिम दुई हरफ शिक्षकबाट सुनेर लेख (पृ.१२५) ।

### ४.३.१ सिपगत आधारमा उद्देश्यहरूको वर्गीकरण

परिमार्जित पाठ्यक्रम (२०६९) ले निर्धारण गरेको उद्देश्यलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपगत सक्षमतामा वितरण गरिएको छ । यसरी पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यलाई सिपगत रूपमा निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. ३

सिपगत आधारमा उद्देश्यहरूको वर्गीकरण

| | सुनाइ बोलाइ | पढाइ | लेखाइ |
|---|---|---|---|
| उद्देश्य संख्या | १२ | ८ | १३ |
| प्रतिशत | ३६.३७% | २४.२४% | ३९.३९% |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यक्रम, २०६९

आधारभूत शिक्षा पाठ्यक्रम (२०६७) अनुसार कक्षा आठको नेपाली पाठ्यपुस्तकमा सुनाइ र बोलाइ सिपका लागि ३६.३७ प्रतिशत, पढाइका लागि २४.२४ प्रतिशत र लेखाइकालागि ३९.३९ प्रतिशत उद्देश्यहरू निर्धारण गरेको देखिन्छ । यसरी आधारभूत तहमा सुनाइ र बोलाइलाई महत्त्व दिँदै पढाइ र लेखाइ सिपको विकासमा विद्यार्थीहरूलाई अभ्यस्त गर्नुपर्ने भाषा शिक्षणको नियमलाई अनुसरण गरेको देखिन्छ ।

सुनाइ र बोलाइ सिप अन्तर्गत गति र लय ख्याल गरी शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्ने, साहित्यका विधा, पाठ तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्ने, गति, लय, हाउभाउ, अभिनय तथा बोलाई पाठको अभिप्रायको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिनय गर्ने, मौखिक पाठ तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य कुरा भन्न, देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्ने, प्रसङ्ग र सन्दर्भअनुसार उखान टुक्काको प्रयोग गर्ने आदि उद्देश्यहरू रहेका छन्। पाठ्यक्रमले निर्धारण गरेका यी उद्देश्यहरूपुरा गर्नका लागि कक्षा आठको नेपाली पाठ्यपुस्तकमा सुनाइ र बोलाइका लागि निम्न अनुसार अभ्यासहरू रहेको पाइन्छ :

जस्तै :

१) तलका शब्दहरू शुद्धसँग उच्चारण गर :

छैटी, टुलुटुलु, जुठेल्ना, जस्केलो (पृष्ठ ११) ।

२) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

सिप, पाखुरा, मुटु, सारङ्गी, सपना (पृष्ठ ४९) ।

३) तिम्रा अभिभावकलाई सोधी एउटा कथा तयार पार र कक्षामा साथीलाई सुनाऊ (पृष्ठ ७४) ।

यस पाठ्यपुस्तकमा सुनाइ र बोलाइ सिप अन्तर्गत समाविष्ट अभ्यासहरू पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप प्रस्तुत गरिएको छ ।

त्यसैगरी पढाइ सिप अन्तर्गत जम्मा आठ ओटा उद्देश्यहरू समावेश छन् । यस अन्तर्गत लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न, निश्चित समय तोकी सन्दर्भ र भाव अनुसार गति मिलाई पढ्न, मौन पठनमा पढाइको विकास गर्ने गरी छिटो छिटो पढ्न हिज्जे र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न, पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्ने आदि उद्देश्यहरू राखिएको पाइन्छ ।

पाठ्यक्रमले पढाइ सिप विकासका लागि निर्धारण गरेका उद्देश्यहरू पुरा गर्नका लागि नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरू निम्नानुसार रहेका छन् :

१) पाठको कविता पालैपालो गति, यति र लय हालेर वाचन गर्नुहोस् (पृष्ठ ११२) ।

२) पाठको चौथो अनुच्छेद पालैपालो गरी सबैले सस्वर वाचन गर (पृष्ठ १४८) ।

लेखाइ सिप अन्तर्गत १३ ओटा उद्देश्यहरू समावेश छन् । जस अन्तर्गत वर्णविन्यास र लेख्य चिह्नहरू मिलाई लेख्ने, विभिन्न सूचना सङ्कलन गरी लेख्न कुनै पनि शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न, पढेका विषयका मुख्य मुख्य बुँदा टिपोट गर्न र सारांश लेख्न साहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र प्रसङ्ग व्याख्या गर्न, उपयुक्त शैली र ढाँचामा वादविवाद लेख्न,

पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति प्रकट गर्ने जस्ता सिप विकास गर्ने उद्देश्य राखिएको पाइन्छ ।

यसरी पाठ्यक्रमले लेखाइ सिप विकासका लागि निर्धारण गरेका उद्देश्यहरू पुरा गर्नका लागि नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरू निम्नानुसार रहेका छन् :

१) सर आइज्याक न्युटनले आधुनिक विज्ञानका क्षेत्रमा दिएको योगदानको सविस्तार बयान गर (पृष्ठ १५०) ।

२) पाठको पहिलो अनुच्छेद कापीमा राम्रा अक्षर पारेर सार (पृष्ठ १४२) ।

३) पाठको तेस्रो अनुच्छेद पढी चार ओटा बुँदाहरू टिपेर सारांश लेख (पृष्ठ १८) ।

यसरी भाषापाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पुरा गर्न भाषा पाठ्यपुस्तकको आवश्यकता पर्दछ । भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरी सोही बमोजिम पाठहरू राखिएको हुन्छ । पाठको प्रकृति अनुरूप अभ्यासहरू समावेश गरिएको हुन्छ । अभ्यासमा नै विद्यार्थीको अपेक्षित उपलब्धि स्तर निर्भर हुने गर्दछ । त्यसैले विद्यार्थीलाई अपेक्षित उद्देश्य पुरा गर्न तिनै अभ्यासका आधारमा क्रियाशिल गराउनु पर्दछ । यहाँ कक्षा आठको नेपाली किताब (वि.सं. २०७२) मा समाविष्ट अभ्यासको सिपगत र तहगत आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

## ४.४ विधागत आधारमा अभ्यासको अध्ययन

कक्षा आठको नेपाली पाठ्यपुस्तक (वि.सं. २०७२) मा आधारमा शिक्षा पाठ्यक्रम २०६९ लाई मूल आधार मानी निर्माण गरिएको छ । पाठ्यपुस्तकका विधाको विश्लेषण गरेर अभ्यास निर्माण गरिन्छ । विधाको प्रतिनिधित्व हुने गरी अभ्यास निर्माण गरिएको हुन्छ । भाषापाठ्यवस्तु समावेश गरिने पाठहरूमा विधागत सन्तुलन मिलाउनका साथै हरेक भाषाभाषी समान पहुँच र महत्त्व रहने विषय क्षेत्रलाई समेट्नु पर्ने मान्यता अनुरूप नेपाली भाषा पाठ्यक्रमले केही हदसम्म यसलाई सम्बोधन गर्न खोजिएको देखिन्छ ।

पाठ्यपुस्तकका रूपमा विधाहरूको छनोट सुनाइ, बोलाइ, पढाइ र लेखाइ अभ्यासका लागि गरिएको हुँदा विधाहरूको क्षेत्र र क्रममा पाठगत सिप उल्लेख नभए पनि पाठअनुसार सिपहरूको संयोजन र शिक्षण यसका आधारमा तयार हुने पाठ्यपुस्तक तथा कक्षा

शिक्षणका क्रममा हुनु आवश्यक छ । विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण उल्लेख नभएका पाठहरूमा प्रयोग भएका आधारमा उपयुक्तता अनुसार शब्दहरूलाई केन्द्रविन्दु बनाएर विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गराउने दृष्टिकोण यसमा राखिएको छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९) ।

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा विभिन्न विधा र क्षेत्रका विषयवस्तु समेटिएको छ । विधामा आधारित पाठहरूलाई तिनको प्रस्तुति र प्रकृति अनुसार अभ्यासहरू समावेश गरिएको हुन्छ । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले निर्धारण गरेको विधागत क्षेत्र तथा क्रमअनुसार नै कक्षा आठको पाठ्यपुस्तक (वि.सं. २०७२) को व्यवस्था गरेको छ । विभिन्न विधाको माध्यमबाट शिक्षार्थीमा भाषिक दक्षता अभिवृद्धि गराउन अभ्यासले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यहाँ विधागत आधारमा नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको सिपगत र तहगत आधारमा वर्गीकरण र विश्लेषण गरी प्रतिशताङ्क समेत प्रस्तुत गरिएको छ :

### ४.४.१ कथाविधाअन्तर्गतका पाठ र सम्बद्ध अभ्यासको वर्गीकरण र विश्लेषण

नेपाली भाषा पाठ्यपुस्तकमा कथा रोचक विधा भएकाले भाषिक सिपहरूको विकास गर्न सहयोग पुग्दछ । कथा शिक्षणको प्रयोजन नै साहित्यिक आनन्द प्रदान गर्नु, मनोरञ्जन दिनु, कथाप्रति रुचि वृद्धि गर्नुका साथै नैतिक उपदेश, अनुशासित र सिर्जनशील क्षमताको विकास गराउनु हो । आधारभूत तह कक्षा आठको पाठ्यपुस्तकमा लोककथा/नीतिकथा, पौराणिक/ऐतिहासिक कथा र सामाजिक गरी जम्मा ६ वटा कथाहरू समावेश छन् । कथा विधामा कथनशैली, पठनसिप, बोध जस्ता उच्च दक्षताको क्रियाकलाप गराउने अभ्यासहरूका साथै शब्दभण्डार पठन सिप सम्बधले अभ्यासहरूलाई समेत समावेश गर्नुपर्दछ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाअन्तर्गतका पाठमा समावेश गरिएका अभ्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. : ४

सिपगत आधारमा कथा विधाको वर्गीकरण

| क.सं. | पाठ/सिप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | भाग्य | - | २ | ५ | ५ | १२ |
| २ | मित्रता | २ | २ | ५ | ६ | १५ |
| ३ | एउटा घटना | - | ४ | ६ | ७ | १७ |
| ४ | ठग समातियो | १ | ३ | ४ | ५ | १३ |
| ५ | स्वाभिमान | १ | ३ | ३ | ६ | १३ |
| ६ | सिहं र स्यालको कथा | १ | ३ | ३ | ६ | १२ |
| | जम्मा | ५ | १७ | २६ | ३५ | ८२ |
| | प्रतिशत | ६.०९% | २०.७३% | ३१.७०% | ४२.६८% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

तालिका नं. ४ मा हेर्दा, कथा विधामा जम्मा ६ ओटा पाठमा समाविष्ट अभ्यासका जम्मा ८२ मध्ये ५ (६.०९%) सुनाइ, १७ (२०.७३%) बोलाइ, २६ (३१.७०%) पढाइ, ३५ (४२.६८%) लेखाइ सिप सम्बद्ध देखिन्छ । तालिकाका सिपहरूको वर्गीकरणले एकीकृत र अन्तर्सम्बन्धात्मक स्थितिलाई देखाउँछ । यसबाट भाषा शिक्षण सिकाइमा सिपहरूको एकीकृत विकासलाई महत्त्व दिने कुरा उल्लेख छ । कथा रोचक र प्रभावकारी विधा भएकाले यसमा सबै सिपसम्बद्ध अभ्यासहरूश्रुति रचना, सुनाइका आधारमा प्रश्नोत्तर वस्तु वा घटना वर्णन, वर्ण र वाक्य विभेदीकरण आदि रहेका छन् । जस्तै :

१) पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख (पृष्ठ १२३) ।

२) पाठको तेस्रो अनुच्छेद शुद्धसँग कापीमा सार (पृष्ठ १०८) ।

३) 'ठग समातियो' कथा कक्षामा पालैपालो पढ (पृष्ठ १०६) ।

यसरी भाषिक सिप विकासका आधारमा कथा विधाको अभ्यासको अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई छुट्टाछुट्टै

प्रस्तुत गरिएकाले विविध लक्ष्य पुरा हुन सक्ने हुँदा अभ्यासको संयोजन देखिन्छ । कथा विधामा अन्य सिपभन्दा लेखाइ सिपका उपयुक्त अभ्यासहरूको संख्या अधिक रहेको पाइन्छ । कथा विधामा जम्मा ८२ ओटा अभ्यासहरूमध्ये लेखाइ सिपमा ३५ ओटा अभ्यासहरू रहेका छन् । ६ ओटा कथा मध्ये सबैभन्दा बढी एउटा घटना कथामा १७ ओटा र सबभन्दा कम 'सिंह र स्यालको कथा' कथामा १२ अभ्यासहरू रहेका छन् । माथिल्लो कक्षामा पढाइ तथा लेखाइ सिपलाई महत्त्व दिनुपर्ने पाठ्यक्रमको मर्मलाई अभ्यासले सार्थक बनाउने प्रयास गरेको छ ।

तालिका नं. : ५

तहगत आधारमा कथा विधाका अभ्यासको वर्गीकरण

| क.सं. | पाठ/सिप | ज्ञान | बोध | व्या.सि. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | भाग्य | ३ | ३ | ५ | १ | १२ |
| २ | मित्रता | ३ | ३ | ६ | ३ | १५ |
| ३ | एउटा घटना | ४ | ४ | ७ | २ | १७ |
| ४ | ठग समातियो | ४ | २ | ६ | १ | १३ |
| ५ | सिहं र स्यालको कथा | ३ | २ | ७ | १ | १३ |
| ६ | स्वाभिमान | २ | २ | ६ | २ | १२ |
| | जम्मा | १६ | १३ | ३२ | ९ | ८२ |
| | प्रतिशत | १९.५१% | १५.८५% | ३९.०२% | १०.९७% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

माथिको तालिका नं. ५ मा कथा विधामा समाविष्ट अभ्यासलाई तहगत रूपमा वर्गीकरण गरिएको छ । माथिको तालिकामा अभ्यासमा जम्मा ८२ वटा अभ्यासमध्ये १६ वटा अभ्यास ज्ञान तहका रहेका छन् । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको १९.५१% रहेको छ । बोध तह अन्तर्गत १३ ओटा अर्थात् १५.८५% रहेको छ । व्यावहारिक सिप अन्तर्गत ३२ (३९.०२%) र उच्च दक्षतामा ९ (१०.९७%) अभ्यासहरू रहेको देखिन्छ । ज्ञानात्मक तहमा ज्ञानात्मक तहमा शब्दको अर्थ बताउने, वर्णन गर्नु, विपरितार्थी, पर्यायवाची अर्थ खोज्ने,

लेख्ने, खालीठाउँ भर्ने आदि अभ्यासहरू रहेका छन् । बोधतहमा एक वाक्यमा उत्तर दिने आदि अभ्यासहरू रहेका छन् । व्यावहारिकसिप अन्तर्गत श्रुतिलेखन, शुद्धोच्चारण, सस्वरवाचन, वाक्यमा प्रयोग गर्ने आदि अभ्यासहरू रहेका छन् । व्यावहारिकसिप अन्तर्गत श्रुतिलेखन, शुद्धोच्चरण, सस्वरवाचन, वाक्यमा प्रयोग गर्ने आदि अभ्यासहरू रहेका छन् । उच्च दक्षता अन्तर्गत व्याख्या गर्ने, सप्रसङ्ग व्याख्या, विवेचनात्मक उत्तर लेख्ने अभ्यासहरू समावेश देखिन्छन् ।

उपयुक्त आधारमा कथा विधाबाट सरल र प्रभावकारी हिसाबले विभिन्न अभ्यास गराउन सकिने भएकाले उच्च दक्षताको अभ्यासहरूमा बढी जोड दिनु उपयुक्त हुन्छ । यस विधामा अन्य तहका भन्दा व्यावहारिकसिपका अभ्यासलाई बढी महत्त्व दिइएको पाइन्छ भने उच्च दक्षतालाई कम महत्त्व दिइएको माथिको तालिकाले देखाउँछ । यसबाट कथा पाठमा शब्दभण्डारको लागि पनि विद्यार्थीमा शब्दभण्डारको विकास गराउन सहयोग पुगेको देखिन्छ ।

### ४.४.२ कविता विधाअन्तर्गतका पाठ र सम्बद्ध अभ्यासको विश्लेषण

सामान्यरूपमा हेर्दा कविद्धारा सृजना गरिएको लयात्मक, श्रुतिमधुर र साङ्गीतिक प्रस्तुति नै कविता हो । कविता शिक्षणको मुख्य उद्देश्य लयबोध, भावबोध र उच्चारण संस्कारको विकास गर्नु हो । कविता शिक्षण गर्दा विशेषत : लययुक्त सस्वरवाचन, भाव पहिचान, प्रश्नोत्तर, सारांश, भाव विस्तार आदिसँग सम्बन्धित कार्यकलापहरू गराउनु पर्दछ । साथै आवश्यकता हेरी विद्यार्थीहरूलाई कविताको अनुकरणात्मक र सृजनात्मक लेखनतिर प्रवृत्त गराउनु पनि उपयुक्त हुन्छ । (आ.शि.नेपाली पाठ्यक्रम, २०६४) । जीवन जगतको रागात्मक ललित अभिव्यक्तिले गर्दा लयबद्ध भई प्रकट हुने कविता पनि भाषिक कला स्वरूप साहित्यकै एक विधा हो । यसमा लयात्मक एकलापका कथन पद्धतिको प्रयोग गरी जीवन जगत वा मानवीय मनका भावनाको सौन्दर्यपूर्ण अभिव्यक्ति गरिएको हुन्छ (भण्डारी र पौडेल २०७० : २) ।

कविता साहित्यिक रसास्वादनका लागि महत्त्वपूर्ण विधा भएकाले आधारभूत तह कक्षा आठका विद्यार्थीहरूलाई कविता सिर्जना गर्नेतर्फ प्रेरित गर्नुपर्दछ । यसबाट कल्पनात्मक, भावनात्मक तथा सिर्जनशिलतामा सहयोग गराउन सकिन्छ । जस्तै : सस्वरवाचन/लयवाचन, अन्ताक्षरी प्रतियोगिता, कविता प्रतियोगिता, कवि सम्मेलन आदिमा विद्यार्थीलाई क्रियाशील बनाउन सके प्रभावकारी हुन्छ । यहाँ कक्षा आठको नेपाली

पाठ्यपुस्तकमा समाविष्ट कविता विधाअन्तर्गतका पाठमा समावेश गरिएका अभ्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. ६

सिपगत आधारमा कविता विधाका अभ्यासको वर्गीकरण

| क.सं. | पाठ/सिप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नेपाल | १ | ४ | ४ | ५ | १४ |
| २ | सिप र श्रम | - | ३ | ३ | ५ | ११ |
| ३ | मेरो घर | २ | ३ | ३ | ५ | १३ |
| ४ | आह्वान | १ | ४ | ५ | ५ | १५ |
| | जम्मा | ४ | १४ | १५ | २० | ५३ |
| | प्रतिशत | ७.५४% | २६.४१% | २८.३०% | ३७.७३ | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

तालिका नं. ६ मा हेर्दा कविता विधामा जम्मा ४ ओटा पाठमा समाविष्ट अभ्यासका जम्मा ५३ ओटा अभ्यास मध्ये ४ ओटा सुनाइ सिपअन्तर्गत रहेका छन् । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको ७.५४ प्रतिशत हो । बोलाइ सिपका लागि १४ ओटा अभ्यासहरू अर्थात् २६.४१% रहेको छ । पढाइ सिपका लागि १५ वटा अभ्यासहरू अर्थात् २८.३० प्रतिशत रहेको छ । लेखाइ सिपका लागि २० ओटा अभ्यासहरू अर्थात् ३७.७३ प्रतिशत रहेको छ । माथिका तालिका अनुसार कविता विधामा सबैभन्दा बढी लेखाइ सिपका अभ्यासहरू रहेका छन् भने सुनाइ सिपका लागि सबैभन्दा कम ४(७.५४%) अभ्यासहरू समावेश गरेको तथ्य तालिकाले देखाउँछ ।

यसमा पनि कथा विधाका पाठमा जस्तै सुनाइ सिपसम्बद्ध अभ्यासहरूश्रुतिलेखन, सस्वरवाचन, प्रश्नोत्तर आदि अभ्यासहरू पर्दछन् । जस्तै :

१) पाठको तेस्रो श्लोक शिक्षकबाट सुनेर शुद्धसँग लेख (पृ. ८३) ।

२) 'सिप र श्रम' कविता शिक्षकबाट सुन्नुहोस् र त्यसै अनुसार सामुहिक रूपमा सस्वरवाचन गर (पृष्ठ ४८) ।

बोलाइ सिप अन्तर्गत वाचन गर्ने, शुद्ध उच्चारण, छलफल, प्रश्नोत्तर आदि अभ्यासहरू पर्दछन् । जस्तै :

३) कविताको दोस्रो श्लोक वाचन गर (पृष्ठ ८१) ।

४) तलका शब्द शुद्धसँग उच्चारण गर (पृष्ठ ८३) ।

५) किसानले जहान कसरी पाल्छन् ? कविताका आधारमा उत्तर देऊ (पृष्ठ ८१) ।

पढाइ सिप अन्तर्गत वाचन गर्ने, मौखिक उत्तर दिने, प्रश्नोत्तर आदि अभ्यास पर्दछन् ।

जस्तै :

६) 'नेपाल' कविता साथीहरूसँग मिलेर लयवाचन गर (पृष्ठ २) ।

७) पाठ पढी तल सोधिएका प्रश्नहरूको उत्तर देऊ (पृष्ठ ३) ।

क) हाम्रा पर्वतहरू के जस्ता छन् ?

ख) पुर्खाले यो मुलुकमा जागरण ल्याउन के गरे ?

लेखाइ सिप अन्तर्गत सप्रसङ्ग व्याख्या गर्ने, विवेचनात्मक उत्तर लेख्ने, सङ्क्षिप्त उत्तर, व्याख्या गर्ने आदि अभ्यासहरू पर्दछन् ।

जस्तै :

८) व्याख्या गर :

ज्यामी, सिपाही र किसान सारा छन् आज हाम्रा बलिया सहारा । (पृष्ठ ३) ।

९) 'आह्वान' कवितामा कविले भोलिको नेपालको सुन्दर चित्र कसरी उतारेका छन् ? आफ्नै शैलीमा लेख (पृष्ठ १२४) ।

तालिका नं. ७

तहगत आधारमा कविता विधामा  अभ्यासको वर्गीकरण

| क्र.सं. | पाठ/सिप | ज्ञान | बोध | व्या.सि. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नेपाल | २ | ३ | ७ | २ | १४ |
| २ | सिप र श्रम | २ | ४ | ४ | १ | ११ |
| ३ | मेरो घर | ३ | ३ | ६ | १ | १३ |
| ४ | आह्वान | ३ | ४ | ६ | २ | १५ |
| | जम्मा | १० | १४ | २३ | ६ | ५३ |
| | प्रतिशत | १८.८६% | २६.४१% | ४३.३९% | १०.३२% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

माथिको तालिका नं. ७ अन्तर्गत कविता विधामा पाठ्यपुस्तकमा ४ ओटा पाठहरू रहेका छन् । जस अन्तर्गत जम्मा ५३ ओटा अभ्यासहरू समाविष्ट छन् । कविताका पाठका समाविष्ट अभ्यासलाई तहगत रूपमा वर्गीकरण गरेर देखाइएको छ । जस अनुसार ज्ञानतहमा १० (१८.८६%), बोध तहमा १४ (२६.४१%), व्यावहारिक सिपमा २३ (४३.३९%) र उच्च दक्षतासँग सम्बन्धित ६ (११.३२%) अभ्यासहरू समावेश छन् । कविता विधामा अभ्यासलाई तहगत आधारमा हेर्दा सबैभन्दा बढी व्यावहारिक सिपमा त्यसपछि ज्ञान तह, बोध तह र सबैभन्दा कम उच्च दक्षताका अभ्यासहरू रहेका छन् । कविता विधामा जम्मा ५१ ओटा शब्दार्थ रहेका छन् । यसबाट कविता विधाका पाठहरूमा कठिन शब्दहरू कम समावेश भएको प्रष्ट हुन्छ । सरल र मिठो भाषाशैलीका कविता चयन गरी विद्यार्थीहरूमा कविता प्रतिको चाख बढाउन कविता विधा सक्षम देखिन्छ ।

यसरी कविता विधाका पाठहरूमा कविता शिक्षण सिकाइलाई रोचक र प्रभावकारी बनाउन कविता प्रतियोगिता, आन्ताक्षरी आदि जस्ता क्रियाकलापको निर्देशन हुनुपर्नेमा त्यो कुरा उल्लेख नहुनु दुर्वल पक्ष मानिन्छ । कविताले लयवाचनलाई बढी जोड दिन खोजेको देखिन्छ ।

### ४.४.३ प्रबन्ध विधाअन्तर्गतका पाठ र तिनमा समाविष्ट  अभ्यासको वर्गीकरण र विश्लेषण

प्रबन्ध विधा साहित्यको सरल देखि जटिल क्षेत्रलाई समेट्न सक्ने विधा हो । कुनै पनि विषयवस्तुलाई वस्तुपरक ढङ्गले लघु आयाममा कलात्मक पाराबाट अभिव्यक्त गरिएको विधा नै प्रबन्ध हो । आधारभूत तहमा वस्तुपरक र आत्मपरक निबन्धको शिक्षण बढी उपयोगी मानिन्छ । यसबाट भाषाका विविध पक्ष तथा लेख्य सिपको विकासमा मद्दत पुग्दछ । प्रबन्ध लेख्न कुनै विषयको शीर्षक दिएर वा प्रमुख बुँदाहरू उल्लेख गरेर पनि दिन सकिन्छ । प्रबन्ध विधाको मुख्य उद्देश्य भन्नु नै विद्यार्थीमा गद्यात्मक अभिव्यक्तिको बोध क्षमताका साथै लेखाइ क्षमताको विकास गर्नु हो । प्रबन्धहरूको भाषिक सिप विकासको अभ्यास गराउँदा मौनपठन, प्रश्नोत्तर छलफल, व्याख्या आदिको उपयोगका साथै सस्वर, पठन, व्याख्या, सारांश, भावविस्तार, श्रुतिलेखन, बुँदा टिपोट जस्ता अभ्यास गराउनु उपयुक्त हुन्छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा विभिन्न क्षेत्रका प्रबन्धका पाठहरू समावेश गरिएका छन् । उक्त प्रबन्ध विधाका पाठमा समाविष्ट अभ्यासलाई निम्नानुसार वर्गीकरण र विश्लेषण गरिएको छ :

तालिका नं. ८

सिपगत आधारमा प्रबन्ध विधाको अभ्यासको वर्गीकरण

| क्र.सं. | पाठ/सिप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ग्रन्थचित्र | २ | ४ | ३ | ६ | १५ |
| २ | प्रकृति र वातावरण | १ | ३ | ७ | ८ | १९ |
| ३ | कम्प्युटर र इन्टरनेट | १ | ३ | ६ | ६ | १६ |
| ४ | नेपाली संस्कृति | २ | ३ | ४ | ४ | १३ |
| | जम्मा | ६ | १३ | २० | २४ | ६३ |
| | प्रतिशत | ९.५२% | २०.६३% | ३१.७४% | ३८.०९% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

प्रस्तुत तालिकामा हेर्दा प्रबन्ध विधामा जम्मा ४ ओटा पाठमा जम्मा ६३ ओटा अभ्यासहरू रहेको पाइन्छ । यी चार प्रबन्धका पाठहरू समाजिक/सांस्कृतिक, प्राकृतिक/वातावरणीय, कलात्मक/कलासम्बन्धी, वैज्ञानिक/प्राविधिक क्षेत्रका रहेका छन् । सुनाइ सिपका लागि ६ ओटा अभ्यासहरू रहेका छन् । यो संख्या कुल अभ्यास सङ्ख्याको ९.५२% हो । बोलाइ सिपका लागि १३ ओटा अभ्यासहरू रहेका छन् । यो संख्या कुल अभ्यास संख्याको २०.६३ प्रतिशत हो । पढाइ सिपका लागि २० (३१.७४%) अभ्यासहरूरु रहेका छन् । लेखाइ सिपका लागि २४ (३८.०९%) अभ्यासहरू रहेका छन् । चारवटा पाठहरू मध्ये सबैभन्दा बढी 'प्रकृति र वातावरण' प्रबन्धमा १९ ओटा अभ्यासहरू रहेका छन् भने सबैभन्दा कम 'नेपाली संस्कृति' प्रबन्धमा १३ ओटा अभ्यासहरू समावेश छन् ।

सुनाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नानुसार रहेका छन् :

जस्तै :

१) पाठको चौथो अनुच्छेद शिक्षकबाट सुनेर लेख (पृष्ठ १४२) ।

२) पाठको तेस्रो अनुच्छेद सुनी तलका प्रश्नको खालीठाउँ भर :

क) कम्प्युटर आधुनिक विज्ञानले दिएको अनुपम ........... हो ।

ख) इन्टरनेटमा जडान भइसकेपछि .............. आफैँमा नेटवर्क हो ।

ग) इमेलको उपयोग गरी ............ गर्न सक्छौँ ।

बोलाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नानुसार रहेका छन् :

जस्तै :

३) शिक्षकको सहयोग लिएर शुद्धसँग उच्चारण गर :

निर्दिष्ट, स्थानान्तरण, गतिविधि, परियोजना (पृष्ठ ११३) ।

४) उत्तर भन :

क) कम्प्युटरका विशेषताहरू के के हुन् ?

ख) कम्प्युटरका पिता भनेर कसलाई चिनिन्छ ?

ग) कम्प्युटरमा कस्तो क्षमता हुन्छ ? (पृष्ठ ११३) ।

पढाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नलिखित रहेका छन् :

जस्तै :

५) कक्षामा आलोपालो गरी पाठ पढेर सुनाऊ (पृष्ठ ११२) ।

६) पाठको पहिलो अनुच्छेदबाट पाँच ओटा विशेषण शब्द खोजेर लेख (पृष्ठ ११४) ।

७) पाठको तेस्रो अनुच्छेद पढी चार ओटा मुख्य बुँदाहरू टिप र सारांश लेख (पृष्ठ ६५) ।

लेखाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नलिखित रहेका छन् :

जस्तै :

८) 'वातावरण प्रदूषण' शीर्षकमा एक सय पचास शब्दमा नघटाई एउटा प्रबन्ध लेख (पृष्ठ ६७) ।

९) शुद्ध गरी सार :

मुर्तीकला, सुक्ष्म, पाउवाचीत्र, निर्मान, पाठ्यपुस्तक (पृष्ठ २९) ।

१०) अर्थ खुल्ने गरी वाक्य लेख :

सुवास, दानवीर, विकृति, लोकप्रिय, समुन्नति, अनुकरणीय, इन्द्रेणी, आनन्दित, लालयित (पृष्ठ १४१) ।

तालिका नं. ९

तहगत आधारमा प्रबन्ध विधाका अभ्यासको वर्गीकरण

| क.सं. | पाठ/सिप | ज्ञान | बोध | व्या.सि. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ग्रन्थचित्र | ३ | ४ | ६ | २ | १५ |
| २ | प्रकृति र वातावरण | ४ | ५ | ८ | २ | १९ |
| ३ | कम्प्युटर र इन्टरनेट | ३ | ४ | ७ | २ | १६ |
| ४ | नेपाली संस्कृति | २ | ४ | ५ | २ | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | १२ | १७ | २६ | ८ | ६३ |
| | प्रतिशत | १९.०४% | २६.९८% | ४१.२६% | १२.६९% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

माथिको तालिका नं. ९ मा प्रबन्ध विधामा समाविष्ट अभ्यासलाई तहगत रूपमा वर्गीकरण गरिएको छ । माथिको तालिकामा हेर्दा प्रबन्ध विधामा जम्मा चार ओटा पाठमा समाविष्ट अभ्यासका जम्मा ६३ ओटा अभ्यासहरू मध्ये १२ ओटा अभ्यास ज्ञान तहका रहेका छन् । यो संख्या कुल अभ्यास संख्याको १९.०४% रहेको छ । बोध तह अन्तर्गत २६ ( ४१.२६%) ओटा अभ्यासहरू रहेका छन् । उच्च दक्षता अन्तर्गत ८ ओटा वा १२.६९% प्रतिशत अभ्यासहरू रहेका छन् । प्रबन्ध विधामा अभ्यासलाई तहगत आधारमा हेर्दा सबैभन्दा बढी व्यावहारिक सिपका २६ ओटा अभ्यासहरू रहेका छन् भने ज्ञान सिपमा १२ ओटा, बोध तहमा १७ ओटा र सबैभन्दा कम उच्च दक्षताको अभ्यासहरू ८ ओटा रहेकाले उच्च दक्षताको अभ्यासमा पनि अलि बढी जोड दिनु आवश्यक देखिन्छ ।

प्रबन्ध विधामा जम्मा ७० ओटा शब्दार्थ समावेश गरेको पाइन्छ । यसबाट प्रबन्ध विधामा शब्दभण्डारको लागि पनि विचार पुऱ्याउन खोजेको देखिन्छ । प्रबन्ध विधाको माध्यमबाट पनि विद्यार्थीहरूमा शब्दभण्डारको विकास गराउन सहयोग पुगेको देखिन्छ ।

### ४.४.४ जीवनी विधाअन्तर्गतका पाठ र तिनमा समाविष्ट अभ्यासको वर्गीकरण र विश्लेषण

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनलाई आधार मानी प्रस्तुत गरिन्छ । कुनै व्यक्तिको जीवन चरित्र अभिव्यक्त गर्न लेखिएको गद्य रचना जीवनी हो । जीवनी अन्तर्गत राष्ट्रिय व्यक्तित्वको परिचय दिई उनीहरूले गरेका योगदान आदर्श एवम् अनुकरणीय प्रयासहरूका बारेमा विद्यार्थीसँग परिचित गराइन्छ । यसका साथै व्यक्तिको चरित्र निर्माण तथा सकारात्मक भावनाको विकास गरी जीवनलाई विशिष्ट मार्गनिर्देशन गर्नु पनि जीवनी शिक्षणको महत्त्वपूर्ण पक्ष हो । आधारभूत शिक्षा पाठ्यक्रम, २०६९ का अनुसार जीवनी शिक्षणको मुख्य उद्देश्य भाषाका मौखिक तथा लिखित अभिव्यक्ति सिपको विकास गर्नु हो । यो विधाका माध्यमबाट विशिष्ट व्यक्तित्व एवम् चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सिपको विकास गराउन सकिन्छ । यसका अतिरिक्त यस्ता पाठहरूबाट सस्वर तथा मौन पठन, पठनबोध, व्याख्या, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण अर्थ र

प्रयोग, श्रुतिलेखन जस्ता क्रियाकलाप गराउनु पर्छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट जीवनी विधाका पाठमा समाविष्ट अभ्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छः

तालिका नं. १०

सिपगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण

| क.सं. | पाठ/सिप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | देवकुमारी थापा | २ | ४ | ४ | ५ | १५ |
| २ | भूगोलविद् हर्क गुरुङ | २ | ४ | ४ | ५ | १५ |
| ३ | साहित्यकार रबीन्द्रनाथ ठाकुर | १ | ३ | ७ | ५ | १६ |
| ४ | सर आइज्याक न्युटन | १ | ४ | ६ | ७ | १८ |
| | जम्मा | ६ | १५ | २१ | २२ | ६४ |
| | प्रतिशत | ९.३७% | २३.४३% | ३२.८१% | ३४.३७% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

माथिको तालिका नं. १० मा हेर्दा जीवनी विधाका पाठमा जम्मा ४ ओटा पाठहरू छन्, जुन राष्ट्रिय प्रेरक व्यक्तित्व देवकुमारी थापा, भूगोलविद् हर्क गुरुङ, साहित्यकार रवीन्द्रनाथ ठाकुर र सर आइज्याक न्युटन रहेका छन् । यी चार जीवनी मध्ये सबैभन्दा बढी 'सर आइज्याक न्युटन' जीवनीबाट अभ्यासहरू रहेका छन् । जीवनी विधामा जम्मा ६४ ओटा अभ्यासहरू रहेका छन् । सुनाइ सिपका ६ ओटा अभ्यासहरू छन् । यो संख्या कुल अभ्यास संख्याको ९.३७% हो । बोलाइ सिपका लागि १५ ओटा अर्थात् २३.४३% अभ्यासहरू रहेका छन् । पढाइ सिपका लागि २१ ओटा अर्थात् ३२.८१% अभ्यासहरू रहेका छन् । माथिको तालिकामा हेर्दा लेखाइ सिपका लागि २२ ओटा अर्थात् ३४.३७% अभ्यासहरू रहेका छन् । माथिको तालिकामा हेर्दा सबैभन्दा बढी लेखाइ सिपका अभ्यासहरू रहेको पाइन्छ र सबैभन्दा कम सुनाइ सिपका अभ्यासहरू समावेश छन् ।

सुनाइ सिपका उद्देश्यहरू निम्नानुसार छन् :

जस्तै :

१) शिक्षकबाट सुनेर तलका शब्दहरूको उच्चारण गर :

क) कर्तव्य, भविष्य, व्यक्तित्व, अन्याय, कन्या

ख) शुद्ध, बुद्ध, ब्रह्म, बर्मा, माझ, सादा, साझा (पृष्ठ १९) ।

२) पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख (पृष्ठ ५७) ।

बोलाइ सिपमा समाविष्ट  अभ्यासहरू निम्नलिखित छन् :

१) ठिक उच्चारण गर :

प्रेरक, प्रतिभाशाली, पथ प्रदर्शक, स्वर्ण पदक (पृष्ठ १८) ।

२) उत्तर भन :

क) नेपाल कुन कुन कुराले समृद्ध छ ?

ख) हर्क गुरुङको मृत्यु कहिले भयो ?(पृष्ठ ५५) ।

पढाइ सिपमा समाविष्ट  अभ्यासहरू निम्नानुसार छन् :

१) 'देवकुमारी थापा' जीवनी पालैपालो पढ र साथीले पढेको पनि सुन (पृष्ठ १७) ।

२) उस्तै अर्थ दिने शब्दहरूसँग जोडा मिलाऊ :

| | |
|---|---|
| क) चकित | अ) प्रसिद्ध |
| ख) प्रख्यात | आ) अमूल्य |
| ग) अनमोल | इ) स्वतन्त्र |
| घ) विछोड | ई) छक्क |
| | उ) मुक्त (पृष्ठ ९९) । |

लेखाइ सिपमा समाविष्ट  अभ्यासहरूरु निम्नानुसार छन् :

१) भाव स्पष्ट गर :

नेपाल प्राकृतिक विविधताले भरिपूर्ण विश्वको सुन्दर मुलुक हो (पृष्ठ ५६) ।

२) सर आइज्याक न्युटनले गरेका आविष्कारहरूले मानव जीवनमा कस्तो प्रभाव पारेको छ? आफ्नो विचार लेख (पृष्ठ १५०) ।

तालिका नं. : ११

तहगत आधारमा जीवनी विधाका अभ्यासको वर्गीकरण

| क.सं. | पाठ/सिप | ज्ञान | बोध | व्या.सि. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | देवकुमारी थापा | ४ | ४ | ५ | ३ | १५ |
| २ | भुगोलविद् हर्क गुरुङ | ३ | ४ | ६ | २ | १५ |
| ३ | साहित्यकार रबीन्द्रनाथ ठाकुर | ४ | ३ | ५ | ३ | १५ |
| ४ | सर आइज्याक न्युटन | ३ | ५ | ७ | ३ | १८ |
| | जम्मा | १४ | १६ | २३ | १० | ६४ |
| | प्रतिशत | २१.८७% | २५% | ३५.९३% | १५.६२% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

माथिको तालिका नं. ११ मा जीवनी विधामा समाविष्ट  अभ्यासलाई तहगत रूपमा वर्गीकरण गरिएको छ । यहाँ जीवनी विधाअन्तर्गत सबैभन्दा बढी 'सर आईज्याक न्युटन' जीवनीमा अभ्यासहरू रहेका छन् । अन्य ३ वटा जीवनीमा १५/१५ वटाका दरले अभ्यासहरू समावेश गरिएका छन् । चार ओटा पाठमा जम्मा ६४ वटा अभ्यासहरू समावेश गरिएको पाइन्छ । जस अनुसार ज्ञान तहमा १४ ओटा अर्थात् २१.८७ प्रतिशत, बोध तहमा १६ ओटा अर्थात् २५ प्रतिशत, व्यावहारिक सिपमा २३ ओटा अर्थात् ३५.९३ प्रतिशत ५ उच्च दक्षतामा १० ओटा अर्थात् १५.६२ प्रतिशत अभ्यासहरू समावेश छन् । जीवनी विधामा तहगत रूपमा अभ्यासलाई वर्गीकरण गर्दा सबैभन्दा बढी व्यावहारिक सिपमा त्यसपछि बोध तहमा अभ्यासहरू रहेका छन् । जीवनी विधा पनि गद्यात्मक अभिव्यक्ति

भएकाले भाषिक प्रयोग एवम् चरित्र निर्माणका लागि प्रभावकारी विधा भएको हुँदा यस तहमा बोध तहका अभ्यासलाई प्राथमिकताका साथ समेट्नु आवश्यक देखिन्छ ।

जीवनी विधामा जम्मा ५९ ओटा शब्दार्थ समावेश गरेको पाइन्छ । यसरी जीवनी विधामा पाठ्यक्रमको मर्म अनुसार नै भाषाका चारै तहलाई महत्त्व दिइएको पाइन्छ ।

### ४.४.५ रूपक विधाअन्तर्गतका पाठ र तिनमा समाविष्ट  अभ्यासको वर्गीकरण र विश्लेषण

रूपक विधा शिक्षणका लागि रोचक र प्रभावकारी विधा मानिन्छ । रूपक विधाअन्तर्गत वादविवाद र एकाङ्कीलाई हाम्रो कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको छ । रूपक शिक्षणको मुख्य प्रयोजन बोलाइ सिप अभिवृद्धि गराउनु हो अर्थात् कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । यसको शिक्षण कार्यमा वादविवाद र एकाङ्कीलाई परिस्थिति तथा भावानुकूल वाचन अभिनय एवम् भूमिका निर्वाहको अभ्यास गराउनु पर्दछ । रूपक विधाको अभ्यास गराउँदा प्रश्नोत्तर, संवाद वा वादविवादको अनुकरणात्मक लेखन, वादविवाद लेखन, स्वतन्त्र लेखन, श्रुतिलेखन आदि अभ्यासहरू गराउनु पर्छ । यसरी रूपक शिक्षणको मुख्य प्रयोजन अभिव्यक्ति कौशल बढाउनु हो । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठमा समाविष्ट अभ्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. १२

सिपगत आधारमा रूपक विधाका अभ्यासको वर्गीकरण

| क्र.सं. | पाठ/सिप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | विज्ञान अभिशाप नभई वरदान (वादविवाद) | १ | ६ | ६ | ५ | १८ |
| २ | हामी एउटै हौं (एकाङ्की) | १ | ३ | ३ | ५ | १२ |
| | जम्मा | २ | ९ | ९ | १० | ३० |
| | प्रतिशत | ६.६६% | ३०% | ३०% | ३३% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

प्रस्तुत तालिकालाई हेर्दा रूपक विधामा जम्मा दुई ओटा पाठमा जम्मा ३० ओटा अभ्यासहरू समावेश गरिएको पाइन्छ । यी दुई रूपकका पाठहरू वादविवाद र एकाङ्की क्षेत्रका रहेका छन् । सुनाइ सिप अन्तर्गत २ ओटा अभ्यासहरू रहेका छन् । यो कुल अभ्यासको ६.६६% हो । बोलाइ सिपका लागि ९ ओटा अर्थात् ३०% अभ्यासहरू समावेश छन् । लेखाइ सिपका लागि १० ओटा अर्थात ३३% अभ्यासहरू समावेश छन् । यसरी भाषिक सिप अन्तर्गत सबैभन्दा बढी लेखाइ सिपका अभ्यासहरू रहेका छन् भने बोलाइ र पढाइ सिपमा समान रूपमा अभ्यासहरू रहेका छन् भने सबैभन्दा कम सुनाइ सिपका अभ्यासहरू रहेका छन् । माथिका तालिका अनुसार वादविवाद पाठमा १८ ओटा र एकाङ्की पाठमा १२ ओटा अभ्यासहरू रहेका छन् ।

सुनाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नलिखित छन् :

जस्तै :

१) गोपाल बुढामगरले बोलेका कुराहरू शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर देऊ :

क) कुन कुन कुराले मानव जीवनलाई सहज तुल्याइ दिएका छन् ?

ख) हरेक कुराका कस्ता कस्ता पक्ष हुन्छन् (पृष्ठ ९२) ।

२) शिक्षकबाट सुनेर लेख :

हो त, प्राणीहरूमा हामी सर्वश्रेष्ठ प्राणी हौँ । (एक एक अक्षरमा जोड दिँदै) मानव । (पृष्ठ १०१) ।

बोलाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नानुसार छन् :

जस्तै :

३) तल दिइएका प्राविधिक शब्दहरूलाई वाक्यमा प्रयोग गर :

कम्प्युटर, इन्टरनेट, यन्त्र मानव, परमाणु, बम (पृष्ठ ९२) ।

पढाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नानुसार छन् :

जस्तै :

४) 'विज्ञान अभिशाप नभइ वरदान' भन्ने पाठलाई उद्घोषक सहित अरु चार जना पात्रले हाउभाउ सहित पालैपालो पढेर कक्षामा सुनाऊ (पृष्ठ ८७) ।

५) 'हामी एउटै हौँ' एकाङ्कीका पात्रहरूको संवादलाई हाउभाउ सहित सस्वर वाचन गर ( पृष्ठ ११८) ।

लेखाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नानुसार छन् :

जस्तै :

६) तलका शब्दहरूको उत्तर लेख :

क) आधुनिक युग मानवका निम्ति किन वरदान सावित भएको छ ?

ख) आशाराम थारुले भनेका मुख्य मुख्य कुरा लेख (पृष्ठ ९१) ।

७) व्याख्या गर :

यो विश्व हामी जस्ता मानवै मानवको उत्तम सङ्ग्राहालय र विशाल भण्डार हो (पृष्ठ १२०) ।

यसरी भाषिक सिप विकासका आधारमा रूपक विधाको अभ्यासको अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विविध लक्ष्य पुरा हुन सक्ने हुँदा अभ्यासको संयोजन उपयुक्त देखिन्छ । बोलाइ सिप अन्तर्गत छलफल, शुद्ध उच्चारण, वाक्यमा प्रयोग गरी भन्नु, शुद्ध उच्चारण गर्नु आदि अभ्यासहरू राखिएको पाइन्छ । सुनाइ सिपमाश्रुतिलेखन जस्ता अभ्यास रहेका छन् । पढाइ सिपमा मौखिक प्रश्नोत्तर, अनुच्छेद पढी सारांश भन्ने, पाठलाई हाउभाउ सहित पढ्ने आदि अभ्यास रहेका छन् । लेखाइ सिप अन्तर्गत व्याख्या गर्ने, सप्रसङ्ग व्याख्या गर्ने, विवेचना गर्ने आदि अभ्यासहरू रहेका छन् । रूपक शिक्षणको मूल उद्देश्य अभिव्यक्तिको विकास गर्नु रहेकोले यसमा पढाइ र बोलाइ सिप सम्बद्ध अभ्यास बढी समावेश गर्नु उपयुक्त हुन्छ । प्रस्तुत निर्दिष्ट अभ्यासमा सुनाइ सिपका अभ्यास न्यून देखिन्छन् भने लेखाइ सिपका अभ्यास बढी रहेका छन् ।

तालिका नं. : १३

तहगत आधारमा रूपक विधामा समाविष्ट  अभ्यासको वर्गीकरण

| क्र.सं. | पाठ/सिप | ज्ञान | बोध | व्या.सि. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | विज्ञान अभिशाप नभई वरदान (वादविवाद) | ५ | ५ | ६ | २ | १८ |
| २ | हामी एउटै हौँ (एकाङ्की) | ३ | ३ | ४ | २ | १२ |
| | जम्मा | ८ | ८ | १० | ४ | ३० |
| | प्रतिशत | २६.६६% | २६.६६% | ३३.३३% | १३.३३% | १००% |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

तालिका नं. १३ मा रूपक विधामा समाविष्ट अभ्यासलाई तहगत रूपमा वर्गीकरण गरिएको छ । माथिको तालिका अनुसार वादविवादमा १८ ओटा र एकाङ्कीमा १२ ओटा गरी जम्मा ३० ओटा अभ्यासहरू समाविष्ट रहेको पाइन्छ । यहाँ ज्ञान तहमा ८ ओटा अर्थात् २६.६६% अभ्यासहरू रहेका छन् । बोध तहमा पनि ८ ओटा अर्थात् २६.६६% अभ्यासहरू रहेका छन् । व्यावहारिक सिपमा १० ओटा अर्थात् ३३.३३% अभ्यासहरू रहेका छन् । उच्च दक्षतामा ४ ओटा अर्थात् १३.३३% अभ्यासहरू रहेका छन् । रूपक विधामा अभ्यासलाई तहगत रूपमा वर्गीकरण गर्दा सबैभन्दा बढी व्यावहारिक तहगत रूपमा वर्गीकरण गर्दा सबैभन्दा बढी व्यावहारिक सिपमा त्यसपछि ज्ञान तह र बोध तहमा र सबैभन्दा कम उच्च दक्षता सबैभन्दा कम अभ्यास रहेका छन् । रूपक विधामा जम्मा २४ ओटा शब्दार्थ रहेका छन् । यस विधाले शब्दभण्डारमा कमै जोड दिएको पाइन्छ ।

यसरी रूपक विधाका पाठमा समाविष्ट  अभ्यासले सबै भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई महत्त्व दिइएको पाइन्छ । रूपक शिक्षणको मूल मर्म कथ्य अभिव्यक्तिको विकास गर्नु रहेकाले यसमा पढाइ र बोलाइ जस्ता भाषिक सिपको विकास गराउने उद्देश्यका अभ्यासहरू अझै बढाउनु पर्ने देखिन्छ ।

### ४.४.६ चिठी विधामा समाविष्ट अभ्यासको वर्गीकरण र विश्लेषण

आफ्ना विधाहरू अरु समक्ष पुऱ्याउनका लागि कुनै व्यक्ति वा संस्थाले तयार पारेको लिखित संदेशलाई चिठी भनिन्छ । चिठी लिखित माध्यमद्वारा विचार विनिमय गर्ने महत्त्वपूर्ण माध्यम हो । यो एक अर्काको अनुभव आदानप्रदान गरी सम्बन्ध विकास गर्ने माध्यम पनि हो । विद्यार्थीमा चिठीद्वारा स्वतन्त्र अभिव्यक्तिको विकास, कुनै पनि सन्देश अरुले राम्ररी बुझ्न सकुन भने लेखाइ, भन्न चाहेको कुराको स्पष्ट रूपमा अभिव्यक्ति, आदर, सम्मान, अभिवादन गरी लेख्न सक्ने खुबी आदिको विकास हुन्छ, चिठी शिक्षणमा घरायसी, व्यापारिक कार्यलयीय क्षेत्रमा विभाजन गरी अभ्यासात्मक ढङ्गको कार्यकलापद्वारा शिक्षण गरिन्छ (माध्यमिक शिक्षा पाठ्यक्रम २०५५) । पाठमा प्रस्तुत चिठी तथा निवेदन आदिको शिक्षण गर्दा तिनलाई का रूपमा उपयोग गरी तिनको ढङ्ग ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचय समेत दिई तदनुरूप अभ्यास गराउनुपर्छ (आ.शि. नेपाली पाठ्यपुस्तक २०७२) ।

व्यावहारिकरूपमा विभिन्न प्रकारका चिठी लेख्ने ढाँचा र तिनमा आफ्नो विचारको प्रस्तुतिलाई समेत उपयुक्त किसिमले व्यक्त गर्न सक्ने तुल्याउने गरी चिठी शिक्षणका अभ्यासको संयोजन गर्नुपर्ने हन्छ । यसप्रकार चिठी व्यावहारिक र प्रयोजनपरक विधा भएकोले यसमा पनि कार्यकलापमुखी अभ्यासहरूमा जोड दिनुपर्छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट चिठी विधाका पाठमा रहेका अभ्यासलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. १४

चिठी विधाका पाठमा समाविष्ट अभ्यासको सिपगत वर्गीकरण :

| क्र.सं. | पाठ/सिप | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | निवेदन | - | ३ | ४ | ३ | १० |
| २ | दाजुलाई चिठी | १ | ३ | ४ | ३ | ११ |
| | जम्मा | १ | ६ | ८ | ६ | २१ |
| | प्रतिशत | ४.७६% | २८.५७% | ३८.०९% | २८.५७% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

माथिको तालिका अनुसार चिठी विधामा समाविष्ट अभ्यासलाई सिपगत आधारमा वर्गीकरण गरिएको छ । माथिको तालिकामा हेर्दा चिठी विधामा जम्मा २१ ओटा अभ्यासहरू रहेका छन् । जसमा सुनाइ सिप अन्तर्गत एउटा अभ्यास समाष्टि छ । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको ४.७६% रहेको छ । बोलाइ सिप अन्तर्गत ६ ओटा अभ्यासहरू रहेका छन् । यो सङ्ख्या कुल अभ्यास सङ्ख्याको २८.५७% रहेको छ । पढाइ सिप अन्तर्गत ८ ओटा अभ्यास रहेका छन् । यो कुल अभ्यास सङ्ख्याको ३८.०९% रहेको छ । लेखाइ सिप अन्तर्गत ६ ओटा अभ्यासहरू रहेका छन् । यो कुल अभ्यासको २८.५७% रहेको छ । माथिको भाषिक सिपको वर्गीकरण अनुसार सबैभन्दा बढी पढाइ सिपका अभ्यासहरू रहेका छन् । बोलाइ र लेखाइ सिपमा समान रूपमा अभ्यासहरू रहेका छन् भने सुनाइ सिपको जम्मा एउटा मात्र अभ्यास समावेश छ ।

सुनाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नानुसार रहेका छन् :

जस्तै :

१) पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुन र लेख (पृष्ठ ७७) ।

बोलाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नानुसार रहेका छन् :

जस्तै :

२) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

प्रतियोगिता, अविस्मरणीय, अतिरिक्त, प्रथम (पृष्ठ ३४) ।

३) तलका शब्दहरू शुद्ध उच्चारण गर :

कुशलता, सुन्दर, तरकारी, श्रम (पृष्ठ ७८) ।

पढाइ सिपसँग सम्बन्धित अभ्यासहरू निम्नानुसार रहेका छन् :

जस्तै :

४) पाठमा दिइएको निवेदन सस्वरवाचन गर (पृष्ठ ३३) ।

लेखाइ सिप अन्तर्गतका अभ्यासहरू निम्नानुसार रहेका छन् :

जस्तै :

५) पाठमा दिइएको निवेदन राम्रा अक्षरमा लेखेर शिक्षकलाई देखाऊ (पृष्ठ ३४) ।

६) 'दाजुलाई चिठी' पाठ पढेपछि प्रत्युत्तर दिँदै भाइलाई एउटा चिठी लेख (पृष्ठ ७७) ।

यसरी कक्षा आठको नेपाली पाठ्यपुस्तक (परिमार्जित संस्करण २०७२) अन्तर्गत चिठी विधामा भाषाका चारै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपलाई महत्त्वका साथ समावेश गरिएको पाइन्छ । सुनाइ सिप अन्तर्गत सुन र लेख अभ्यास समावेश गरिएको छ । पढाइ सिप अन्तर्गत सस्वर पठन, प्रश्नोत्तर, शब्दार्थ आदि अभ्यासहरू रहेका छन् । बोलाइ सिप अन्तर्गत वाक्यमा प्रयोग गर्ने, शुद्ध उच्चारण गर्ने, प्रश्नोत्तर आदि अभ्यासहरू रहेका छन् । लेखन सिप अन्तर्गत चिठी र निवेदन लेख्ने जस्ता अभ्यासहरू रहेका छन् । समग्रमा चिठी विधाले भाषिक सिप विकासमा सहयोग गर्ने देखिन्छ ।

तालिका नं. १५

चिठी विधाका पाठमा समाविष्ट अभ्यासको तहगत वर्गीकरण

| क.सं. | पाठ | ज्ञान | बोध | व्या.सि. | उ.द. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | निवेदन | ३ | २ | ४ | १ | १० |
| २ | दाजुलाई चिठी | २ | १ | ५ | ३ | ११ |
| | जम्मा | ५ | ३ | ९ | ४ | २१ |
| | प्रतिशत | २३.८०% | १४.२८% | ४२.८५% | १९.०४% | १००% |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

माथिको तालिका १५ मा चिठी विधामा समाविष्ट अभ्यासलाई तहगत रूपमा वर्गीकरण गरिएको छ । चिठी विधामा समाविष्ट अभ्यासहरू जम्मा २१ ओटा रहेका छन् । जसमध्ये ज्ञान तहमा ५ ओटा अर्थात् २३.८०% अभ्यास रहेका छन् । बोध तहमा ३ ओटा अर्थात् १४.२८% अभ्यास रहेका छन् । व्यावहारिक सिपमा ९ ओटा अर्थात् ४२.८५% अभ्यासहरू रहेको छन् भने उच्च दक्षतामा ४ ओटा अर्थात् १९.०४% अभ्यास रहेको पाइन्छ । चिठी व्यावहारिक विषय भएकाले यस विधामा व्यावहारिक सिपलाई नै बढी जोड दिनु

उपयुक्त देखिन्छ । चिठी व्यावहारिक विधा भएकाले लेखाइ सिप सम्बद्ध अभ्यासहरू बढी गराउनु चिठी शिक्षणको उद्देश्य अनुरूप हुन्छ ।

समग्रमा चिठी विधाले भाषिक सिप विकासमा सहयोग गर्नुका साथै शब्दभण्डार विकासमा पनि सहयोग गरेको पाइन्छ । चिठी विधामा जम्मा १२ ओटा शब्दार्थ रहेको पाइन्छ ।

## ४.५ सिर्जनात्मक अभ्यासको अध्ययन वर्गीकरण र विश्लेषण

भाषा सिर्जनशील विषय भएकाले मौलिक सिर्जनाको अभिव्यक्तिबाट भाषा सिकाइमा विकास हुन्छ । सिर्जनात्मक अभ्यासको माध्यमबाट नै विद्यार्थीहरूले आफ्नो अनुभूति, अनुभव सिर्जनालाई स्वतन्त्र र मौलिक रूपले अभिव्यक्त गर्न सक्ने बनाउँछ । त्यसैले विद्यार्थीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गरी सिर्जनात्मक क्षमताको विकास गर्न सिर्जनात्मक अभ्यासहरू महत्त्वपूर्ण हुन्छन् । सिर्जनात्मक अभ्यासले विद्यार्थीहरूमा रहेको ज्ञान तथा सिपको विकासमा सहयोग पुऱ्याउँछ । सिर्जनात्मक अभ्यासले बालबालिकामा सिकाइप्रति रुचि बढाउनुका साथै बौद्धिक क्षमताको विकास गर्न पनि सहयोग गर्दछ । सबै बालबालिकामा रुचि र क्षमता कहिल्यै समान मात्रामा नरहने हुँदा प्रत्येक विद्यार्थीको वैयक्तिक भिन्नतालाई पहिचान गरी शिक्षण गर्नुपर्छ । यी बाहेक विधा अनुरूपका थप सिर्जनात्मक कार्यकलाप गरी उद्देश्यपूर्ण बनाउनु पनि लाभदायक हुन्छ । पाठ्यक्रमले निर्धारण गरेका आफ्ना रुचि अनुसारका विषयमा शिलशिला मिलाएर निबन्ध लेख्ने, बुँदाहरू समेटेर कथा लेख्ने, मनपर्ने विषयमा कविता लेख्ने, आफुले देखे सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न सक्ने आदि उद्देश्यहरूपुरा गर्न पनि सिर्जनात्मक अभ्यासले सहयोग पुऱ्याउँछ । विद्यार्थीहरूलाई उनीहरूको रुचि, क्षमता, उमेर र स्तर सापेक्ष सिर्जना गर्न प्रेरित गरी बढी भन्दा बढी ज्ञान तथा सिप विकास गराउनु पर्दछ । कक्षाआठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासलाई सिपगत आधारमा वर्गीकरण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १६

सिर्जनात्मक अभ्यासको सिपगत आधारमा वर्गीकरण

| क.सं. | पाठ | सु.बो. | प. | ले. | बो.ले. | प.ले. | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कथा | - | - | ६ | ४ | १ | ११ |
| २ | कविता | - | - | ४ | - | २ | ६ |
| ३ | प्रबन्ध | - | - | ७ | - | १ | ८ |
| ४ | रूपक | - | - | २ | १ | - | ३ |
| ५ | जीवनी | - | - | ५ | - | १ | ६ |
| ६ | चिठी | - | - | २ | - | २ | ४ |
| | जम्मा | - | - | २६ | ५ | ७ | ३८ |
| | प्रतिशत | | | ६८.४२% | १३.१५% | १८.४२% | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

माथिको तालिकामा सिर्जनात्मक अभ्यासलाई सिपगत आधारमा वर्गीकरण गरिएको छ । परिमार्जित कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा ६ओटा विधामा जम्मा ३८ ओटा सिर्जनात्मक अभ्यासहरू मध्ये सबैभन्दा बढी कथा विधामा जम्मा ११ ओटा अभ्यासहरू रहेका छन् भने सबैभन्दा कम रूपक विधामा ३ ओटा अभ्यासहरू समावेश छन् । ३८ ओटा सिर्जनात्मक अभ्यासहरू मध्ये लेखाइ सिप अन्तर्गत सबैभन्दा बढी २६ ओटा अर्थात् ६८.४२% रहेका छन् । बोलाइ र लेखाइ सिप अन्तर्गत ५ओटा अर्थात् १३.१५% अभ्यासहरू समावेश छन् । पढाइ र लेखाइ सिप अन्तर्गत ७ ओटा अर्थात् १८.४२% अभ्यासहरू समावेश छन् । लेखाइ सिप अन्तर्गत बुँदा समेटेर कथा लेख्ने, मनपर्ने विषयमा कविता लेख्ने, प्रबन्ध लेख्ने, मनपर्ने विषयमा कविता लेख्ने आदि अभ्यासहरूलाई समेटिएको छ, जुन निम्नलिखित रहेका छन् :

जस्तै :

१) तल दिइएका बुँदाहरूलाई मिलाएर एउटा कथा तयार पार र उपयुक्त शीर्षक पनि देऊ :

कुनै ठाउँमा एउटा ठूलो जङ्गल हुनु ....... काग र कोइली त्यही जङ्गलमा बस्नु ............ दुवैमा राम्रो मित्रता हुनु .......... एक दिन दुवै काठमाडौं घुम्न हिँड्नु ..........गोदावरी पुग्नु ...........स्याल काकासँग भेट हुनु ............... साँझ सबै जङ्गली जनावर जम्मा भएर स्याल काकासँग रमाइलो कार्यक्रम गर्नु .......... सबैले आफ्नो प्रतिभा देखाउनु ....... काग र कोइलीको गीत गाउनु .......... कागको स्वर कसैलाई मन नपर्नु .......... सबैले कोइतिको प्रशंसा गर्नु ............ कागलाई वास्ता नगरेकोमा रिस उठ्नु .......... स्याल र कोइलीले सम्झाउनु ........... कागले मान्नु ........... सबैजना मिलेर बस्ने वाचा गर्नु (पृष्ठ १३) ।

२) तिमीलाई मन पर्ने विषयमा कुनै कविता लेखेर भित्ते पत्रिकामा टाँस (पृष्ठ ८३) ।

३) आफूले देखेको कुनै धार्मिक स्थलको वर्णन गरी एउटा प्रबन्ध लेख (पृष्ठ १४५) ।

बोलाइ तथा लेखाइ सिप अन्तर्गत अभिव्यक्तिपरक सिर्जनात्मक अभ्यासलाई लिइएको छ जुन निम्नलिखित छन् :

४) तिमीले सुनेको कथा लेखेर कक्षामा सुनाऊ ।

५) पाठको कविता लयमा एउटा कविता लेखेर कक्षामा सुनाउ (पृष्ठ ५१) ।

पढाइ तथा लेखाइ सिपका लागि ७ (१८.४२%) ओटा अभ्यासहरू राखिएका छन् । यस अन्तर्गत पत्रहरू पढी त्यस अनुसारका अभ्यासहरू तयार गर्ने, कथा तथा कविताहरूपढी त्यस अनुसारका कथातथा कविता तयार गर्ने जस्ता अभ्यासहरू समावेश गरिएको छ ।

जस्तै :

१) शुभकामना पत्रको

| |
|---|
| नेपालीहरूका महान चाड बढा दसैं र शुभ दीपावलीका अवसरमा सम्पूर्ण विद्यार्थी तथा अभिभावक महानुभावहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।<br><br>सन्तकुमार बान्तवा<br>प्रधानाध्यापक<br>तथा<br><br>षडानन्द उ.मा.वि. परिवार<br>दिङ्ला, भोजपुर |

माथिको शुभकामना पत्र पढेपछि तिमीले मनाउने कुनै एक चाडको उपलक्ष्यमा पठाइने शुभकामना पत्रको तयार पार ।

## ४.६ व्याकरण सम्बन्धी अभ्यासको अध्ययन वर्गीकरण र विश्लेषण

व्याकरण शिक्षणको उद्देश्य भाषामा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपहरूसँगै विद्यार्थीलाई शुद्ध शब्द र वाक्य प्रयोग गर्न अभिप्रेरित गर्नु हो । यसबाट भाषा प्रयोग वाक्य गठन, शब्द रचना आदि पक्षमा विशेष सहयोग मिल्दछ । यो भाषाको अन्तर्निहित व्यवस्था भएको हुँदा यसको शिक्षणले भाषा प्रयोगको व्यवस्थागत प्रयोग पक्ष, व्याकरणात्मक नियमबाट विचलन भएका शब्द तथा वाक्यहरू ठम्याउन सहयोग गर्दछ (ढुङ्गेल र दहाल २०६९ : २२७) ।

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक (२०७२) मा समावेश गरिएको व्याकरण सम्बन्धी अभ्यासमा रहेका प्रश्नहरूलाई समष्टिगत रूपमा अध्ययन, वर्गीकरण र विश्लेषण गरिएको छ :

तालिका नं. १७

व्याकरण अभ्यासको वर्गीकरण

| क्र.सं. | व्याकरण शीर्षक | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सङ्गति | - | १ | २ | - | ३ | ४.४१ |
| २ | काल | १ | २ | ४ | ३ | १० | १४.७० |
| ३ | पक्ष | १ | ३ | ४ | ३ | ११ | १६.१७ |
| ४ | अर्थ वा भाव | - | - | २ | - | २ | २.९४ |
| ५ | वाक्य परिवर्तन | - | - | ६ | २ | ९ | १३.२३ |
| ६ | वाच्य परिवर्तन | १ | - | २ | १ | ४ | ५.८८ |
| ७ | शब्दवर्ग | २ | - | २ | १ | ५ | ७.३५ |
| ८ | कारक र विभक्ति | - | - | १ | २ | ३ | ४.४१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | उच्चारण (वर्णगत, शब्दगत) | - | - | २ | १ | ३ | ४.४१ |
| १० | लेख्य चिन्ह | १ | - | २ | २ | ५ | ७.३५ |
| ११ | वर्ण विन्यास | १ | - | ३ | ३ | ७ | १०.२९ |
| १२ | शब्दभण्डार र उखान टुक्का (पाठमा प्रयुक्त शब्दहरूका साथै उखान र टुक्का समेत) | - | १ | ३ | २ | ६ | ८.८२ |
| | जम्मा | ७ | ८ | ३२ | २१ | ६८ | |
| | प्रतिशत | १०.२९ | ११.७६ | ४७.०५ | ३०.८८ | | |

स्रोत : आधारभूत शिक्षा नेपाली पाठ्यपुस्तक, २०७२

माथिको तालिका अनुसार व्याकरण सम्बन्धी अभ्यासलाई परिचयात्मक, धारणात्मक, प्रयोगात्मक र पहिचानात्मक चार भागमा वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको छ । यहाँ सङ्गति, काल, पक्ष, अर्थ वा भाव, वाक्य परिवर्तन, वाच्य परिवर्तन, शब्दवर्ग, कारक र विभक्ति, उच्चारण (वर्णगत र शब्दगत) लेख्य चिन्ह, वर्णविन्यास र शब्दभण्डार र उखानटुक्का शीर्षकमा व्याकरण सम्बन्धी  अभ्यासको वर्गीकरण गरिएको छ । कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा रहेका व्याकरण सम्बन्धी जम्मा ६८ ओटा  अभ्यासहरू समावेश गरिएको पाइन्छ । तालिका अनुसार परिचयात्मक अभ्यासहरू जम्मा ७ ओटा रहेका छन् अर्थात् १०.२९ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी धारणात्मक अभ्यासहरू ८ ओटा अर्थात् ११.७६ प्रतिशत रहेका छन् । प्रयोगात्मक अभ्यासका लागि ३२ ओटा अर्थात् ४७.०५ प्रतिशत र पहिचानात्मक अभ्यासका लागि २१ ओटा अर्थात् ३०.८८ प्रतिशत अभ्यास रहेको देखिन्छ । यी तथ्याङ्क अनुसार सबैभन्दा बढी प्रयोगात्मक त्यसपछि पहिचानात्मक अभ्यासमा जोड दिइएको पाइन्छ भने परिचयात्मक र सबैभन्दा कम धारणात्मक अभ्यासहरू राखिएका छन् ।

प्रस्तुत पाठ्यपुस्तकमा रहेका व्याकरण सम्बन्धित अभ्यासलाई केलाएर हेर्दा सङ्गतिसँग सम्बन्धित अभ्यासहरू जम्मा ३ ओटा ४.४१%, कालसँग सम्बन्धित अभ्यासहरू जम्मा १० ओटा अर्थात् १४.७०% रहेका छन् । पक्षसँग सम्बन्धित जम्मा ११ ओटा अर्थात् १६.१७%, अर्थ वा भावसँग सम्बन्धित जम्मा २ ओटा अर्थात् २.९४% अभ्यासहरू रहेका छन् । वाक्य परिवर्तनसँग सम्बन्धित जम्मा ९ ओटा अर्थात् १३.२३%, वाच्य परिवर्तनसँग सम्बन्धित जम्मा ४ ओटा अर्थात् ५.८८% अभ्यासहरू समावेश गरिएको छ । शब्दवर्ग अन्तर्गत जम्मा ५ ओटा अर्थात् ७.३५%, कारक र विभक्ति अन्तर्गत जम्मा ३ ओटा अर्थात् ४.४१% अभ्यास समावेश गरिएको छ । उच्चारण (शब्दगत र वर्णगत) सँग सम्बन्धित जम्मा ३ ओटा अर्थात् ४.४१%, लेख्य चिन्ह अन्तर्गत जम्मा ५ ओटा अर्थात् ७.३५% अभ्यासहरूरहेका छन् । त्यसैगरी वर्णविन्याससँग सम्बन्धित ७ ओटा अर्थात् १०.२९% र शब्दभण्डार र उखानटुक्का (पाठमा प्रयुक्त सम्बन्धित जम्मा ६ ओटा अर्थात् ८.८२% अभ्यासहरू प्रश्नहरूको उत्तर दिँदा चिनारी वा जनाउ दिए मात्र पुग्ने किसिमका समस्यालाई परिचयात्मक अन्तर्गत समावेश गरिएको छ । जस्तै :

१) दिइएका कवितामा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याऊ :

क) घामले दिन्छमायालु न्यानो, जूनले शीतल

मायाले भिजीरसिलो सधैँ, मेरोयोभूतल ॥

ख) ममिहिनेती, मकर्मवीर, धर्तीको सन्तान

उमारीअन्नजहान पाल्छु, भन्दछन्किसान ॥ (पृष्ठ ८३) ।

व्याकरणिक नियम एवम् अभ्यासको धारणा बनाएर प्रश्नको उत्तर दिन सकिने खालका अभ्यासहरू धारणात्मक अन्तर्गत पर्दछन् :

जस्तै :

१) कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा वाक्य परिवर्तन गर :

क) उनीहरू कविता ............ । (लेख् : ईच्छार्थ)

ख) सविना र सरोज घुम्न ......... । (जा : आज्ञार्थ)

ग) ऊ देशका लागि ........... । (लड् : इच्छार्थ)

घ) आस्तिका परीक्षामा प्रथम ........... । (हुँ : सम्भावनार्थ) (पृष्ठ ५१)

विद्यार्थीहरू आफैलाई व्याकरणिक नियम एवम् अभ्यासहरूलाई प्रयोग गरेर देखाउन सकिने अभ्यासहरू प्रयोगात्मक अन्तर्गत वाक्यान्तरण, वाक्यमा प्रयोग गर्ने जस्ता अभ्यासहरू रहेका छन् ।

जस्तै :

१) कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरूलाई परिवर्तन गर :

क) हर्क गुरुङले भूगोलको नक्सा कोरे । (पूर्ण भूत)

ख) उनी अनुशासित भएर पढ्थे । (अपूर्ण भूत)

ग) उनका पुस्तकहरू प्रकाशन भए । (पूर्ण वर्तमान)

घ) उनी सुन्दर दृष्यहरूलाई हेरेर मुस्कुराउँथे । (सामान्य वर्तमान) (पृष्ठ ५८) ।

२) तिर, सम्म, देखि, बाट, सँग, तर्फ जस्ता नामयोगी प्रयोग गरेर वाक्यहरू बनाऊ । (पृष्ठ ७४) ।

व्याकरणिक अभ्यासमा समाविष्ट अभ्यासहरूलाई सम्बन्धित नियमका आधारमा छुट्याउन लगाइएका प्रश्नहरू पहिचानात्मक अन्तर्गत समावेश गरिएको छ ।

जस्तै :

१) भविष्यत् कालका क्रियापदको प्रयोग गरी आफूले भोलि गर्नुपर्ने कामका बारेमा पाँच ओटा वाक्य लेख । (पृष्ठ ९३)

२) तलका वाक्यहरू पढ र संयोजक टिप : कम्प्युटर विज्ञानले दिएको अनुपम उपहार हो किनभने यो धेरै उपयोगी छ । हामी पढ्ने र लेख्ने कामका लागि कम्प्युटरको प्रयोग गर्न सक्छौँ । हामीले यसको महत्त्व बुझेनौँ भने निकै पछि पर्छौँ । त्यसकारण यसको प्रयोगमा हामी सबैले ध्यान दिनुपर्छ (पृष्ठ ११४) ।

३) दिइएका क्रियापदहरू पढी तालिकामा मिल्ने ठाउँमा भर ।

गरुँ, लागौँ, होला, तर, गर, पढ, जाऊ, हेरौँ, जालान्,

सकुन, गए, हेर्लान्, बस, आऊ, जाओ, पढून्

| इच्छार्थक | आज्ञार्थक | सम्भावनार्थक |
|---|---|---|
| | | |

माथिको तालिका अनुसार व्याकरण अभ्यासको समग्र पक्षको विश्लेषण गर्दा जम्मा १२ ओटा व्याकरण शीर्षकमा ६८ ओटा अभ्यासहरू रहेको पाइन्छ । व्याकरणका विभिन्न शीर्षक मध्ये सबैभन्दा बढी पक्षका अभ्यासहरूमा जोड दिइएको पाइन्छ भने सबैभन्दा कम जोड अर्थ वा भाव अन्तर्गतका अभ्यासहरूलाई दिइएको देखिन्छ ।

## ४.७ प्राप्ति तथा सारांश

### ४.७.१ प्राप्ति

कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट  अभ्यासको विश्लेषण गर्दा विधागत आधारमा, व्याकरण, सिर्जनात्मक र भाषिक सिपमा केन्द्रित भएर विश्लेषण गरिएको छ । विधागत आधारमा अभ्यासहरूको विश्लेषण गर्दा नेपाली भाषा पाठ्यपुस्तक अन्तर्गतसमावेश भएका बाईस ओटा पाठमा सबैभन्दा बढी लेखाइ सिपका अभ्यासहरू रहेका छन् भने सबैभन्दा कम सुनाइ सिपका अभ्यासहरू रहेका छन् । बोलाइ र पढाइ सिपमा भने समान रूपमा अभ्यासहरू रहेको पाइन्छ । यसरी पाठ्यपुस्तक भित्र सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका चारवटै सिपलाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ । यसरी विद्यार्थीको भाषिक सिप विकासमा जोड दिइएको पाइन्छ । अभ्यासहरू सरल देखि जटिलको क्रममा राखिएको देखिन्छ ।

प्रस्तुत कक्षा आठको परिमार्जित नेपाली पाठ्यपुस्तकमा भाषाका चारओटै सिपलाई छुट्टाछुट्टै रूपमा राखेर  अभ्यासलाई समावेश गरेको पाइन्छ । सुनाइ सिप अन्तर्गत

श्रुतिलेखन, ठिक बेठिक छुट्याउने, पाठको अनुच्छेद सुनेर उत्तर भन्ने सुनेर खाली ठाउँ भर्ने सार भन्ने वर्णन गर्ने आदि अभ्यासहरू समाविष्ट रहेको देखिन्छ । बोलाइ सिप अन्तर्गत शुद्ध उच्चारण, प्रश्नोत्तर, छलफल, वाक्यमा प्रयोग गरी भन्नु हाउभाउ सहित कुराकानी गर्नु आदि अभ्यासहरू समावेश गरेको देखिन्छ । पढाइ सिप अन्तर्गत सस्वरवाचन गर्ने, शब्दको अर्थ बताउने पठनबोध अन्तर्गत प्रश्नोत्तर आदि अभ्यासहरू समावेश गरेको पाइन्छ । त्यसैगरी लेखाइ सिप अन्तर्गत संक्षिप्त प्रश्नोत्तर, सांराश लेखन, सच्चाएर पुनर्लेखन, बुँदाटिपोट आदि अभ्यासहरू रहेको देखिन्छ । यसरी भाषिक सिप विकासा आधारमा अभ्यासको अध्ययन गर्दा यसबाट पाठ्यक्रमले निर्धारण गरेका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विविध लक्ष्य पुरा हुन सक्ने हुँदा अभ्यासको संयोजन उपयुक्त देखिन्छ । पाठ्यपुस्तकमा व्याकरणसम्बद्ध अभ्यासहरूलाई समाविष्ट गरी लेखाइ सिपलाई सफल बनाउन सहयोग पुऱ्याएको देखिन्छ । सिर्जनात्मक अभ्यासले विद्यार्थीहरूको सिर्जनशील क्षमताको विकास गर्न सहयोग पुऱ्याएको छ । यसप्रकार भाषिक सिप विकासको दृष्टिले कक्षा आठको नेपाली विषयका  अभ्यासहरू पाठ्यक्रम अनुरूप तयार पार्ने प्रयास गरेको देखिन्छ । सबल पक्षका साथसाथै तिनमा केही कमजोरीहरू पनि भेटिन्छन् । पाठ्यपुस्तकमा समाविष्ट अभ्यासले पर्याप्त मात्रामा सुनाइ सिपलाई महत्व दिन नसकेको देखिन्छ । पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरू राखिएको पाइन्छ । प्रयोगात्मक किसिमका अभ्यासहरूमा बढी जोड दिइएको र धारणात्मक किसिमका अभ्यासहरूमा कम जोड दिइएको पाइन्छ ।

### ४.७.२ सारांश

कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक (२०७२) मा समाविष्ट  अभ्यासहरूलाई विधा सम्बन्धी सिपगत आधारमा र तहगत आधारमा व्याख्या विश्लेषण गरिएको छ । यस पाठ्यपुस्तक अन्तर्गत बाईस ओटा पाठमा समाविष्ट अभ्यासलाई सिपगत आधारमा वर्गीकरण गर्दा बढी लेखाइ सिपका अभ्यासहरू रहेका छन् । भने सबैभन्दा कम सुनाइ र बोलाइ सिपमा रहेको देखिन्छ । तहगत आधारमा अभ्यासको विश्लेषण गर्दा सबैभन्दा बढी व्यावहारिक सिपमा र सबैभन्दा कम ज्ञान तहमा रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा व्याकरणात्मक पक्षलाई हेर्दा व्याकरण शीर्षक विधाअन्तर्गत सबैभन्दा बढी काल पक्षका

अभ्यासहरूमा जोड दिइएको पाइन्छ भने सबै भन्दा कम अर्थ वा भावका अभ्यासहरू रहेका देखिन्छन् ।

यस पाठ्यपुस्तक भित्र व्याकरण सम्बन्धी अभ्यासहरूमा सबैभन्दा बढी प्रयोगात्मकका र सबैभन्दा कम धारणात्मकताका अभ्यासहरू रहेका छन् । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा जम्मा बाईस ओटा विधा मध्ये सबै विधामा जम्मा ३७ ओटा सिर्जनात्मक अभ्यासहरू समावेश गरिएको छ । सबैभन्दा बढी लेखाइ सिपमा सिर्जनात्मक अभ्यासहरू रहेका छन् भने बोलाइ तथा लेखाइ सिप र पढाइ तथा लेखाइ सिप रूपमा रहेका छन् । सबै विधामा सिर्जनात्मक अभ्यास राखिएकाले समानुपातिक रूपमा सिर्जनात्मक अभ्यासहरू समावेश गरिएको देखिन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप अभ्यासहरू समावेश गर्ने प्रयास गरिएको देखिन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

पाठ्यक्रमले विद्यालयको सिङ्गो जीवन र कार्यक्रमको प्रतिनिधित्व गर्दछ । त्यसैले पाठ्यक्रम समग्र शिक्षा प्रणालीको मेरुदण्ड हो । निर्धारित पाठ्यक्रम अनुसार पाठ्यसामग्री, पाठ्यपुस्तकको निर्माण गरिन्छ । पाठ्यक्रमलाई समय सापेक्ष परिमार्जित परिवर्तन गरिनु आवश्यक छ । नेपाली भाषा पाठ्यक्रमलाई पनि परिमार्जन एवम् परिवर्तन गरिदै आएको छ । यसै सन्दर्भमा आधारभूत शिक्षा पाठ्यक्रमलाई २०६९ मा परिवर्तन गरी सोही पाठ्यक्रम अनुसार कक्षा आठको नेपाली पाठ्यपुस्तक परिवर्तन गरिएको छ । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक र पाठ्यपुस्तकमा समाविष्ट गरिने अभ्यासलाई पनि स्वाभाविक रूपमा परिवर्तन गरिनु पर्दछ । प्रस्तुत कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको अध्ययनबाट प्राप्त निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

राष्ट्र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने र सामाजिक र प्राकृतिक वातावरण प्रति सचेत भई मानवीय मूल्य र मान्ताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । विद्यालय शिक्षाको पाठ्यक्रम सक्षमतामा आधारित हुनुपर्ने तथ्यलाई दृष्टिगत गर्दै विद्यालय शिक्षाबाट प्रदान गरिने सक्षमता पहिचान गरी शिक्षालाई स्तरीय सान्दर्भिक र जिवनोपयोगी तथा सक्षमतामा आधारित बनाउनु आवश्यक देखिएको छ । विद्यार्थीलाई गरेर सिक्ने अवसर प्रदान गरी समय र परिस्थिति अनुसार समायोजन हुन सक्ने बनाउने यसको लक्ष्य हो । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ यसै क्रममा परिमार्जित पाठ्यक्रम २०६९ ले नेपाली विषयका लागि तहगत रूपमा जम्मा १३ वटा तहगत सक्षमता निर्धारण गरेको छ । कक्षा आठको नेपाली विषयका लागि जम्मा ३३ ओटा सिपगत उद्देश्य निर्धारण गरेको पाइन्छ । जस अन्तर्गत सुनाइ र बोलाइ सिपका लागि १२ ओटा, पढाइ सिपका लागि ८ ओटा र लेखाइ सिपका लागि १३ ओटा उद्देश्य निर्धारण गरिएको पाइन्छ । कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको अध्ययनबाट प्राप्त तथ्यको आधारमा निम्नानुसार निष्कर्षलाई प्रस्तुत गरिएको छ :

### ५.१.१ सबल पक्ष

१) कक्षा आठको नेपाली विषयका पाठ्यक्रम २०६९ अनुरूप नेपाली पाठ्यपुस्तक २०७२ तयार गरिएको छ । पाठ्यक्रमले निर्धारण गरेको सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका चार ओटै सिपको विकासका लागि छुट्टाछुट्टै रूपमा  अभ्यासलाई प्रस्तुत गरिएको छ ।

२) अभ्यासहरू सरल देखि जटिलको क्रममा प्रस्तुत गरिएको छ ।

३) भाषा पाठ्यपुस्तक भित्र विधागत अभ्यासभित्र नै व्याकरणलाई समावेश गरिएको पाइन्छ ।

४) भाषिक सिप विकासका आधारमा  अभ्यासको विश्लेषण गर्दा लेखाइ सिप विकास गराउने खालका अभ्यासमा अत्याधिक जोड दिइएको पाइन्छ ।

५) पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासले विद्यार्थीहरूको सिर्जनशील क्षमताको विकास गर्न सहयोग पुऱ्याएको छ साथै परियोजना कार्यलाई समेत समावेश गरिएको छ ।

६) पाठ्यपुस्तकमा व्याकरण सम्बद्ध अभ्यासलाई समाविष्ट गरी लेखाइ सिपलाई सफल बनाउन सहयोग पुऱ्याएको देखिन्छ ।

७) पाठमा समाविष्ट  अभ्यासमा केही मात्रामा भएपनि वस्तुगत प्रश्नहरू (ठिक, बेठिक, जोडा मिलाउने, खाली ठाउँ भर्ने, बहुबैकल्पिक) लाई ध्यान दिइएको पाइन्छ ।

८) सम्पूर्ण पाठमा समाविष्ट शब्दार्थले विद्यार्थीहरूको शब्दभण्डार क्षमताको विकास गराउन जोड दिएको पाइन्छ ।

९) विधासम्बन्धी  अभ्यास अन्तर्गत तहगत आधारमा व्यावहारिक सिप र उच्च दक्षता तहमा सबैभन्दा बढी जोड दिइएको पाइन्छ । साथै बोध र ज्ञान तहको अभ्यासले पनि प्राथमिकता पाएको देखिन्छ ।

१०) पढाइ र लेखाइ सिप (७५) को साथै सुनाइ र बोलाइ सिप (२५) को परीक्षण गर्नुपर्ने भएकोले विद्यार्थीहरूमा भाषाका चारवटै सिपको विकासमा सहयोग पुऱ्याउने प्रयास गरिएको देखिन्छ ।

### ५.१.२ दुर्वल पक्षहरू

१) पाठको प्रकृति र विधागत विशेषतालाई ख्याल नगरी अभ्यासहरू समावेश गरिएको पाइन्छ ।

२) पाठमा राखिएका रूपक विधामा पढाइ र बोलाइ सिपको विकासमा कम ध्यान दिइएको पाइन्छ ।

३) पाठ्यक्रमले निर्धारण गरेका चार ओटै भाषिक सिपलाई पाठ्यपुस्तकमा समाविष्ट अभ्यासमा समावेश गरिए पनि सुनाइ र बोलाइ सिपका लागि पर्याप्त अभ्यासहरू समावेश गरिएको पाइन्छ ।

४) वर्णविन्यास सम्बन्धी अभ्यासलाई व्याकरण शीर्षक अन्तर्गत नै राख्नुपर्नेमा यस पाठ्यपुस्तकमा राखिएको देखिन्छ ।

५) पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासको कमी रहेको देखिन्छ ।

६) अनेकार्थक, पर्यायवाची, विपरितार्थक, श्रुतिसमभिन्नार्थक शब्दहरू सम्बन्धी अभ्यासहरू ज्यादै न्यूनमात्रामा रहेको देखिन्छ ।

७) पाठको प्रकृति अनुसार अभ्यासहरू नराखिएकाले शिक्षक विद्यार्थी अल्मलिन सक्ने देखिन्छ ।

८) पुरानो नेपाली भाषा पाठ्यपुस्तकको तुलनामा परिमार्जित पाठ्यपुस्तक (२०७२) मा केही थप व्याकरणका अभ्यासहरू समावेश गरिए पनि पर्याप्त नरहेको देखिन्छ ।

९) कविता विधालाई रुचिपूर्ण बनाउन कविता वाचन तथा लेखन प्रतियोगिता, कवि सम्मेलन गर्ने जस्ता अभ्यासलाई समावेश नगरिएको पाइन्छ ।

१०) व्याकरण अन्तर्गत पदसङ्गति, भाव/अर्थ, कारक र विभक्तिसँग सम्बन्धित अभ्यासहरू ज्यादै न्यून मात्रामा रहेको पाइन्छ ।

## ५.२ सुझावहरू

पाठ्यक्रम अनुरूप उपयुक्त अभ्यासहरूको संयोजन गरी भाषिक सिप विकासमा प्रभावकारी रूपले पाठ्यपुस्तकलाई उपयोगी बनाउनका लागि विभिन्न तहमा रहेका

व्यक्तित्वहरूले अझ क्रियाकलापमुखी र रुचिकर बनाउनु पर्ने देखिन्छ । यहाँ पाठ्यपुस्तकलाई अझै परिष्कृत गर्नका लागि निम्न लिखित सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तहका लागि सुझाव

१. पाठको प्रकृति र विधागत विशेषतालाई ख्याल गरी अभ्यासहरू समावेश गर्नुपर्दछ। जस्तै जीवनी मूल पाठ भएको अभ्यासमा कथा लेखनको प्रश्न नदिई जीवनी सम्बन्धी नै अभ्यास दिनुपर्छ।

२. भाषिक सिपको विकासका लागि भाषाका चार ओटै सिपलाई समानुपातिक रूपमा समावेश गर्नुपर्ने देखिन्छ।

३. पाठ्यपुस्तकमा वर्णविन्यास सम्बन्धी अभ्यासलाई व्याकरण शीर्षक अन्तर्गत नै राख्नु उपयुक्त हुन्छ।

४. पाठ्यपुस्तकमा समाविष्ट सिर्जनात्मक अभ्यासहरू थप समावेश गर्नुपर्दछ।

५. रूपक विधा शिक्षणको मूल उद्देश्य मौखिक अभिव्यक्तिको विकास गर्नु रहेकोले यसमा पढाइ र बोलाइ सिप सम्बद्ध अभ्यासहरू थप समावेश गर्नुपर्ने देखिन्छ।

६. अनेकार्थक, पर्यायवाची विपरितार्थक, श्रुतिसमभिन्नार्थक, उखानटुक्का सम्बन्धी अभ्यासहरूलाई पर्याप्त मात्रामा समावेश गर्नुपर्ने देखिन्छ।

७. कविता विधालाई रुचिपूर्ण बनाउन कविता प्रतियोगिता कवि सम्मेलन जस्ता निर्देशनका अभ्यासलाई समेट्नुपर्ने देखिन्छ।

८. अभ्यासमा वैयक्तिक रुचि क्षेत्रलाई समेट्न सक्ने अभ्यासहरू समावेश गर्नुपर्ने देखिन्छ।

९. सबै स्तरका विद्यार्थीहरूको बौद्धिक स्तर ख्याल गरी अभ्यासको संयोजन गर्नुपर्ने देखिन्छ।

### ५.२.२ अभ्यास तहका लागि सुझाव

अभ्यास तहका लागि निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको अभ्यास तहका लागि निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ :

१. कक्षामा शिक्षकले शिक्षण गर्दा आफू सहजकर्ताका रूपमा रही विद्यार्थीहरू बीचमा नै छलफल र अभ्यास गराउँदा उपयुक्त हुने देखिन्छ ।

२. शब्दार्थ शिक्षण गर्दा शब्दकोषको प्रयोग गर्नु आवश्यक देखिन्छ ।

३. सिर्जनात्मक अभ्यासमा राखिएका अभ्यास गराउँदा विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गरी सिर्जनशील क्षमताको विकास गर्न सहयोग पुऱ्याउने भएकाले सिर्जनात्मक कार्यहरूमा उत्प्रेरित गर्नुपर्दछ ।

४. समुहकार्य गर्ने खालका अभ्यासहरू गराउँदा विद्यार्थीहरूका लागि उपयुक्त सिकाइको वातावरण निर्माण गर्नु पर्दछ ।

५. शिक्षण एउटा कला भएकाले प्रभावकारी शिक्षण बाट नै विद्यार्थीहरूको भाषिक सिप विकास हुने भएकाले दक्ष र तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नुपर्दछ ।

६. शब्दार्थ सूचीमा रहेका शब्दहरूको शिक्षण गर्दा ती शब्दबाट विद्यार्थीहरूलाई वाक्यमा प्रयोग गर्न लगाउँदा प्रभावकारी हुने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

भावी अनुसन्धान गर्ने व्यक्तिहरूका लागि सम्भावित शीर्षकहरू निम्नानुसार रहेका छन् :

१. पाठ्यक्रम २०६९ अनुरूपताका आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तक २०७२ मा समाविष्ट अभ्यासको अध्ययन

२. कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तक र पाठ्यपुस्तक २०७२ मा समाविष्ट अभ्यासको तुलनात्मक अध्ययन

३. कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यास सम्बन्धी समस्याको अध्ययन

४. आधारभूत तहको नेपाली शिक्षण गर्दा आउने समस्याको अध्ययन

५. कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारको अध्ययन

६. कक्षा सात र आठको पाठ्यपुस्तकमा समाविष्ट अभ्यासको तुलनात्मक अध्ययन ।

# सन्दर्भसूची


अर्याल, पार्वती (२०५९), *कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,* कीर्तिपुर काठमाडौँ : अप्रकाशित शोधपत्र ।

आचार्य, सरस्वती (२०५९), *नि.मा.वि. तहका पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यास खण्डको विश्लेषणात्मक अध्ययन,*कीर्तिपुर : अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र, नेपाली भाषा शिक्षा विभाग,त्रि.वि.।

आधारभूत शिक्षा पाठ्यक्रम (२०६९), पाठ्यक्रम विकासकेन्द्र सानोठिमी भक्तपुर ।

काफ्ले, लक्ष्मी (२०६९), *कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग,सुकुना बहुमुखी क्याम्पस ।

खतिवडा, कोमलप्रसाद (२०६६), *कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन,*स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

खतिवडा, फाल्गुणप्रसाद (२०६९), *भाषिक सिप विकासका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,*स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

घिमिरे, कृष्णप्रसाद (२०५५), *निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणका नमुना अभ्यासको अध्ययन,* स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि., कीर्तिपुर ।

ढुङ्गाना, लक्ष्मीप्रसाद (२०६७), *कक्षा ६ को हाम्रो नेपाली किताब र रसिलो नेपालीमा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,*अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६९), *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दहाल (२०६२) , *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स प्रा.लि ।

भट्टराई, देवीप्रसाद (२०६९), *शैक्षिक मनोविज्ञान,* काठमाडौं : क्वेस्ट पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि र सालिकराम पौड्याल (२०७०), सामाजिक भाषा विज्ञान र मनोभाषा विज्ञान (तेस्रो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०७२), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सडौला, भीमसेन (२०६०), *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास : एक विश्लेषणात्मक अध्ययन,* (अ.प्र.), त्रि.वि. महेन्द्ररत्न क्याम्पस, तहाचल ।

सुवेदी, निर्मला (२०७३), *कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक (२०६४) र नेपाली भाषा पाठ्यपुस्तक (२०७३) मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन,* स्नातकोत्तर तह, अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस मोरङ ।